ठोरी गाउँपालिकाको वस्तुस्थिती विवरण
२०७८

अन्तिम प्रतिवेदन

ठोरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पर्सा, मधेश प्रदेश, नेपाल

दस्तावेज : गाउँ बस्तुस्थिती विवरण **(Village Profile)**

प्रकाशक : ठोरी गाउँपालिकाको कार्यालय
परामर्सदाता : हाम्रो अभियान, हेटौंडा-४ मकवानपुर
प्रविधिक सहयोग : न्हू दर्पण अनुसन्धान तथा परामर्स केन्द्र
विवरण संयोजन : प्रताप श्रेष्ठ, ९८४५३१८६६५
सर्वाधिकार : प्रकाशकमा

नक्सा नं. १

ठोरी गाउँपालिका
N
W
E
S
चितवन
चितवन राष्ट्रिय निकुञ्ज
१
२
३
४
५
पर्सा वन्यजन्तु आरक्ष
भारत
जिराभवानी गाउँपालिका
पटेर्वासगौली गाउँपालिका
Legend
<all other values>
NEW_WARD_N
1
2
3
4
5

प्रकाशकीय

कुनैपनि ठाउँको न्यायोचित एवं समानुपातिक विकासको लागि प्रथमत: उक्त क्षेत्रको भौगोलिक, सामाजिक, आर्थिक तथा विपद् व्यवस्थापन एवं पूर्वाधार लगायतका पक्षहरुको वारेमा वस्तुनिष्ठ जानकारी प्राप्त गर्नु अत्यावश्यक हुन्छ । जव हामीले समृद्धिको परिकल्पना गरेको क्षेत्रको यथार्थ विवरणको चित्रण गर्न सकिन्छ तव त्यस्ता क्षेत्रहरूमा आवश्यकता र औचित्यका आधारमा आम नागरिकले अनुभूत गर्ने किसिमको सेवा प्रभाह गर्नुका साथै सर्वाङ्गीण विकास तथा निर्माणका कार्य मार्फत नागरिकको दैनिक जीवनलाई सहज तुल्याउन सकिन्छ । यसले समाज परिवर्तन गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा चिर परिचित बनाउन सकिन्छ ।

मलाई विश्वास छ, यस गाउँपालिकाको पार्श्वचित्र (बस्तुस्थिी विवरण प्रतिवेदन) मार्फत गाउँपालिका क्षेत्रभित्रका सामाजिक, आर्थिक, भौगोलिक, शिक्षा तथा स्वास्थ्य लगायत अन्य विभिन्न विषयगत क्षेत्रहरुका बारेमा अधिकतम, बस्तुनिष्ठ एवं यथार्थ ज्ञान प्राप्त गर्न सकिनेछ । यद्यपि यो नै पर्याप्त भने हुनेछैन । तसर्थ यस पार्श्वचित्रलाई समयसापेक्ष अद्यावधिक गरी निरन्तरता दिएको खण्डमा गाउँपालिकाको वार्षिक योजना, वजेट तथा कार्यक्रम तर्जूमा एवं सामाजिक सुरक्षाका कार्यक्रम र विपद् व्यवस्थापन कार्यलाई व्यवस्थित एवं उच्चतम फलदायी बनाउन यो पार्श्वचित्रले महत्वपुर्ण भूमिका खेल्नेछ ।

यथार्थमा पार्श्वचित्र गाउँपालिकाको समग्र पक्षहरुको बारेमा समेटेको जानकारी पुस्तिका हो । पार्श्वचित्रको निर्माणले आर्थिक, सामाजिक, भौगोलिक लगायतका विभिन्न क्षेत्रहरुमा आवश्यक विकास निर्माण एवं संरक्षण कार्य गर्न यसले मार्ग दर्शनको भूमिका खेल्दछ । यस गाउँपालिका क्षेत्रभित्रको बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई सम्बोधन गर्दै त्यसका लाभको समान वितरण मार्फत विविधताबीच, सामाजिक साँस्कृतिक ऐक्यवद्धता कायम गर्दै गाउँपालिकाबासीका आर्थिक उन्नति, समृद्धि र सामाजिक न्याय सुनिश्चितता गर्न सकिन्छ । समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माणमा यस पार्श्वचित्रले आधार प्रर्दान गर्नेछ भन्ने विश्वास लिएको छु ।

सिमित समयाका बावजुद पार्श्वचित्र निर्माणमा महत्वपुर्ण भूमिका निर्वाह गर्नु हुने यस पालिकाका कार्यकारी अधिकृत ज्यु, विषयगत शाखा प्रमुख एवं कर्मचारी एवं जनप्रतिनिधीहरू र आवश्यक जानकारी उपलब्ध गराउनु हुने समाजका भद्रभलादमी, नागरिक अगुवा, सामाजिक कार्यकर्ताहरुलाई धन्यवाद ज्ञापन गर्दै परामर्सदाता हाम्रो अभियान, मकवानपुर, सहयोगी न्हू दर्पण अनुसन्धान तथा परामर्स केन्द्र प्रति आभार व्यक्त गर्दछु ।

पदमलाल श्रेष्ठ

अध्यक्ष ठोरी गाउँपालिका

दुई शब्द

गाउँको दिगो र योजनाबद्ध विकासलाई अगाडि बढाउनका लागि सो स्थानको समग्र तथ्याङ्क आवश्यक पर्दछ । यसै आवश्यकतालाई मध्यनजर गरी गाउँपालिकाको पार्श्वचित्र तयार गरिएको छ । जसमा गाउँपालिकाको विभिन्न अतिआवश्यक तथा महत्वपुर्ण विषय समावेश गरिएका छन् । तयार पार्श्वचित्रमा स्रोत नक्साहरू विषयगत कार्यालयहरूबाट सङ्कलन गरिएका तथ्यहरूमा आधारित भइ उपलब्ध भएसम्मका कृषि, शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, वन, सिंचाई, खानेपानी, विद्युत आदिका तथ्याङ्क समावेश गरी गरिएकाछन् ।

यस गाउँपालिकाको अध्ययन गर्न चाहने विद्यार्थी, अनुसन्धानकर्ता, योजना निर्माणकर्ता तथा गाउँवासीहरूलाई पार्श्वचित्रले सूचना प्रदान गर्न सहयोग पुग्ने छ भन्ने मैले आशा लिएकी छु । पार्श्वचित्रमा उल्लेखित विवरणमा गाउँपालिकाको राजनैतिक तथा प्रशासनिक विवरण छुट्टिने नक्सा, भू-वर्गीकरण तथा भू-उपयोग नक्साका साथै पछिल्लो राष्ट्रिय जनगणना २०७८ का प्ररम्भिक नतिजालाई विश्लेशन गर्दै पालिकाको आफ्नै गणक मार्फत पनि घरपरिवार विवरण संकलन गरिएको छ ।

प्रस्तुत पार्श्वचित्र तयारी गर्ने सिलसिलामा सूचना संकलन गर्न प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सहयोग गर्नु हुने सम्पूर्ण विषयगत कार्यालय, संघ/संस्था, सामाजिक परिचालक, वडासचिवहरू, गाउँकार्यपालिकाका कर्मचारीहरू, कार्यकारी अधिकृत तथा शुरुदेखि तथ्याङ्क संकलन, प्रशोधनगरी पार्श्वचित्र लाई यो रूप दिने परामर्शदाता हाम्रो अभियान मकवानपुर र सहयोगी न्हू दर्पण अनुसन्धान तथा परामर्स केन्द्र, पर्सालाई विशेष धन्यबाद छ ।

शान्तिमाया थिङ

उपाध्यक्ष ठोरी गाउँपालिका

मेरो भन्नु

कुनै पनि विकासको मार्ग तयार गर्ने योजनाका सही छनोट प्रभावकारी कार्यान्वयन, सरोकारवालाहरूको पूर्ण सन्तुष्टि सहितका उपयोग र निरन्तर अनुगमन एवं मूल्याङकन र दिगोपनाका लागि सही र वस्तुनिष्ट निर्णय लिन तथ्याङ्कको आवश्यकता पर्दछ । विगतबाट सिकेर वर्तमानको भोगाईका आधारमा भविष्यका लागि योजना तर्जुमा गर्नु वर्तमान पुनर्संरचित स्थानीय तहको पहिलो आवश्यकता हो भन्नेमा दुईमत छैन ।

आवश्यकताअनुसार योजना तथा कार्ययोजनाहरू अगाडि बढाउन नसकिएमा जनताले स्थानीय तहबाट राखेका अपेक्षा पुरा हुन सक्दैनन् । यसैकारण वर्तमानका हाम्रो धरातलीय, सामाजिक, साँस्कृतिक तथा आर्थिक अवस्थालाई पहिचान गरी भविष्यका आवश्यकता आँकलन गर्ने उद्देश्यका साथ यो अध्ययन प्रतिवेदन (पार्श्वचित्र) तथा बस्तुस्थिती विवरण प्रतिवेदन, सीमित समय तथा स्रोत र सीमाभित्र रही तयार गरिएको हो । यस पार्श्वचित्रलाई सामान्य रूपमा अध्ययन गर्ने जो कोहीले पनि यस गाउँपालिकाको वर्तमान अवस्था सहजै आँकलन गर्न सकिन्छ ।

यो पार्श्वचित्रलाई एकातिर यो ठोरी गाउँपालिकाको सम्पूर्ण चिनारीका रूपमा हेर्न सकिन्छ भने अर्कोतर्फ हाम्रा सम्भावना र चुनौतिहरूलाई अवगत गर्न सकिन्छ । पार्श्वचित्र तयारीको क्रममा आफ्ना महत्वपूर्ण समय प्रदान गर्ने गाउँपालिका अध्यक्षज्यू, उपाध्यक्षज्यू विषयगत कार्यालयका प्रमुख लगायत सम्पूर्णकर्मचारी, वडाध्यक्षज्यूहरू, वडा सचिवहरू, सामाजिक परिचालकहरू विभिन्न संघ/संस्थाका प्रमुख तथा अन्य कर्मचारीहरू तथा पार्श्वचित्रलाई यो रूप दिन सहयोग पुऱ्याउनु हुने परामर्शदाता हाम्रो अभियान हेटौडा-४ मकवानपुर र प्रविधिक सहयोग पुऱ्याउने न्हू दर्पण अनुसन्धान तथा परामर्स केन्द्र पर्सा हार्दिक आभार व्यक्त गर्दछु । अन्तमा, यो पार्श्वचित्र प्रोफाईल आफ्नो उद्देश्य प्राप्तिमा सफल रहोस भन्ने सुभेच्छा व्यक्त गर्दछु ।

कृष्णलाल श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत

ठोरी गाउँपालिका

नक्सा नं. २, ३, ४

ठोरी गाउँपालिकाको अवस्थिति नक्सा

नेपालमा ठोरी, मधेश प्रदेशमा ठोरीको अवस्थिति

नक्सा नं. ५

ठोरी गाउँपालिका

विषय सूची

परिच्छेद- १ परिचय

१.१ पृष्ठभूमि १
१.२ उद्देश्य १
१.३ कानूनी तथा नीतिगत आधारहरू २
१.४ तयारीका चरण २
१.५ बस्तुस्थिती विवरणको सीमा ५

परिच्छेद- २ गाउँपालिकाको चिनारी

२.१ भौगोलिका अवस्थिति ६
२.२ ऐतिहासिक चिनारी तथा नामाकरण ६
२.३ राजनीतिका अवस्थिति ११
२.४ धरातलीय अवस्थ १३
२.५ प्राकृतिक सम्पदा १४
२.६ सास्कृतिक उत्कृष्ठता १७
२७ विकासका सम्भावनाहरु १७
२.८ ग्राहर्स्थ उत्पान १८
२.९ मानव विकास सुचकाङ्क १९

परिच्छेद- ३: पारिवारिक विवरण तथा जनसंख्याको अवस्था

३.१ बस्ती र घरपरिवार विवरण २०
३.२ जनसंख्या वितरणको अवस्था २१
३.३ उमेर तथा लिङ्गको आधारमा जनसंख्या विवरण २४
३.४ मातृभाषाको आधारमा जनसंख्या विवरण २६
३.५ धर्मअनुसार जनसंख्या विवरण २७
३.६ जातीगत आधारमा जनसंख्या विवरण २८
३.७ घरमुलीको विवरण २९
३.८ पेशाका आधारमा जनसंख्या विवरण ३०
३.९ आर्थिक रुपले सकृया जनसंख्या विवरण ३०
३.१० अपाङ्गताको आधारमा जनसंख्या विवरण ३१
३.११ बसाईसराई सम्बन्धी विवरण ३२
३.१२ व्यक्तिगत घटना सम्बन्धी विवरण ३३
३.१३ सामाजिक सुरक्षा कार्यक्रममा लाभान्वित विवरण ३३
३.१४ संस्थागत जनसंख्या विवरण ३४

परिच्छेद- ४ आर्थिक अवस्था

४.१ प्रमुख आर्थिक विवरण ३५
४.२ भू-उपयोग तथा स्वामित्व ४५

४.३ कृषि तथा पशु विकास ४७
४.४ पर्यटन विकास ५४
४.५ उद्योग, व्यापार तथा बैंकिङग ६०

परिच्छेद- ५ सामाजिक अवस्था

५.१ शैक्षिक तथा मानव संशाधन विकास ६४
५.२ स्वास्थ्य तथा पोषण ७६
५.३ खानेपानी तथा सरसफाई ७८
५.४ महिला बालबालिका तथा सामाजिक समावेशीकरण ७९
५.५ युवा तथा खेलकूद र मनोरंजन ७९
५.६ कला, भाषा तथा संस्कृति ८०
५.७ शान्ति तथा सुरक्षाको अवस्था ८१

परिच्छेद- ६: वन तथा वातावरणीय स्थिति

६.१ वन क्षेत्रको अवस्था ८२
६.२ जलस्रोत तथा जलाधार क्षेत्र ८४
६.३ जैविक विविधता र वातावरणीय सेवा ८५
६.४ पार्क तथा उद्यान सम्बन्धी विवरण ८५
६.५ विपद जोखिम व्यवस्थपन ८५

परिच्छेद- ७: भौतिक विकासको अवस्था

७.१ यातायात पूर्वाधार ८७
७.२ विद्युत तथा बैकल्पिक उर्जा ९०
७.३ सञ्चार तथा प्रविधि ९१
७.४ आवास तथा भवन ९२

परिच्छेद- ८: संस्थगत तथा सुशासनको स्थिति

८.१ संगठनात्मक तथा मानव संशाधनको अवस्था ९५
८.२ सेवा सुबिधा संचालन र व्यवस्थापन ९६
८.३ संस्थागत सम्बन्ध र नागरिक संगठन ९६
८.४ ऐन, नीति, नियम र कार्यप्रणाली ९७

अनुसूचीहरू ९८

परिच्छेद- १: परिचय

१.१ पृष्ठभूमि

नेपाली जनताको बलिदानपुर्ण लामो संघर्षपछि नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्था कायम भएको छ । विश्वभर विभिन्न देशहरूमा सफल अभ्यासमा आएको यो व्यवस्था नेपालमा नौलो भएकोले यसमा अभ्यस्त हुन केही समय अवश्य लाग्नेछ । संघीय शासन प्रणालीको सबल पक्ष भनेको जनता केन्द्रीत शासन हो । त्यसैले नेपालको संघीय प्रणाली अर्न्तगत राज्यको संरचनालाई तीन तहमा विभाजन गरि सर्वसाधरण नागरिकको पहुच सत्ता सञ्चालनको तहसम्म पुऱ्याउने प्रयास गरिएको छ ।

संघीय अर्थात केन्द्रीय शासन, प्रादेशिक शासन बीचमा र प्रत्यक्ष जनतासंग सरोकार राख्ने तल्लो तहमा स्थानीय सरकार छ । नेपालको संविधानले स्थानीय तहहरूलाई स्थानीय स्वायत्त सरकारको रुपमा स्थापित गरेको छ । संविधानको अनुसूची ८ को क्र.सं. ६ मा स्थानीय तथ्याङ्क र अभिलेख संकलन सम्बन्धी सम्पूर्ण अधिकार स्थानीय सरकारलाई भएको उल्लेख छ भने स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२) को च मा उल्लेखित विषयलाई थप विस्तार गरिएको छ ।

तसर्थ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार पारेको गाउँ/नगर वस्तुगत विवरण तयारी कार्यविधि, २०७५ अनुरुप नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रदान गरेको अधिकार प्रयोग गरी स्थानीय स्तरको विकासको योजना निर्माण, नीति निर्माण तथा स्थानीय सूचनाको प्रमुख श्रोतको रुपमा रहने यो वस्तुगत विवरणले यस ठोरी गाउँपालिकालाई विकास र सम्बृद्धिको समुचित दिशातर्फ उन्मुख हुन सहयोग गने विश्वासका साथ यो बस्तुस्थिती विवरण (पार्श्वचित्र) तयार पारिएको छ ।

१.२ उद्देश्य

बस्तुस्थिती विवरण तथा पार्श्वचित्र निर्माणको प्रमुख उद्देश्य गाउँपालिकाको समग्र वस्तुगत अवस्थाको जानकारीहरूलाई सु-व्यवस्थित ढङ्गले अभिलेखिकरण गर्न साथै ती तथ्याङ्क र सूचनाहरूलाई अध्यावधी गर्दै आवश्यक पर्दा सरोकारवालाहरूलाई सहज तरिकाले सूचना उपलब्ध गराउनु हो ।

गाउँ क्षेत्रको विकासको विद्यमान अवस्था, संभावना, चुनौती र स्रोतको सम्बन्धमा आवश्यक सूचना व्यवस्थापन गर्न

गाउँपालिकाको समग्र स्थिथति झल्किने वस्तुगत विवरण तयार गर्नु यस प्रतिवेदनको प्रमुख उद्देश्य हो ।. यसका विशेष

उद्देश्य देहायअनुसार रहेका छन ।

क) गाउँको जनसांख्यिक, भू-जैविक, भौतिक, मानविय, आर्थिक, सामाजिक, वातावरण र संस्थागत क्षेत्रको

विषयगत र वस्तुगत स्थिति चित्रण हुने गरी वस्तुगत विश्लेषण विवरण तयार गर्ने ।

ख) गाउँपालिका, विषयगत कार्यालय/शाखा, संघ/सं:थाको विवरण, अध्ययन, सर्वेक्षण तथा प्रगति प्रतिवेदनबाट

प्राप्त आधारभूत तथा संस्थागत तथ्याङ्क एकीकृत र विश्लेषण गरी विषयगत रुपमा गाउँको एकीकृत

वस्तुगत विवरण तयार गर्ने ।

ग) गाउँपालिकाको सेवा प्रवाह, स्थानीय राजस्वको आधार र दर निर्धारण र विकास निर्माण कार्यका लागि

आवश्यक वस्तुगत तथा विषयगत सूचना उपलब्ध गराउने ।

घ) गाउँपालिकाको वार्षिक, एकीकृत, आवधिक/रणनीतिक तथा गुरुयोजना र विषयगत योजना तर्जुमा साथै अनुगमन तथा मूल्याङ्कनको लागि विषयगत र खण्डीकृत सूचना विवरण उपलब्ध गराउने ।

१.३ कानूनी तथा नीतिगत आधारहरू

पृष्ठभूमिमा उल्लेख भएजस्तै यो गाउँपालिकाको वस्तुगत विवरण तयारीको निम्न आधारहरू रहेको छन् ।

१.३.१ बैधानिक आधार

नेपालको संविधानको अनुसूची ८ लाई व्याख्या गर्न बनेको स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तथ्याङ्कहरूको अभिलेख तयार गरी अध्यावधिक गर्नअधिकोर र जिम्मेवारी स्थानीय तहलाई नै प्रदान गरेकोले गाउँपालिकालाई पार्श्वचित्र तयार पार्न आधार बनेको छ ।

१.३.२ नीतिगत आधारहरू

नीतिगत आधारहरू अर्न्तगत नेपाल सरकारले तयार पारेको समग्र योजनाहरू, नीतिहरू, प्रादेशिक नीतिहरू र यी नीतिहरूको आधारमा तयार भएको स्थानीय तहको नीतिहरूलाई कार्यान्वयन गर्न आधारभुतरुपमा आवश्यक तथ्याङ्कहरूको अनिवार्यता हुने भएकोले गाउँपालिकाको समग्र सूचनाहरू तयार पार्नुपर्ने नीतिगत आवश्यकता रहेको र सूचना व्यवस्थापनको नीतिगत व्यवस्था समेत रहेकोले सोको आधारमा यो वस्तुगत विवरण तयार पारिएको हो ।

१.३.३ स्थानीय आवश्यकता

स्थानीय सरकार सञ्चालन गर्न तथा स्थानीय आश्यकताहरूको पहिचान गर्न वस्तुगत सूचनाहरूको आवश्यकता पर्दछ । स्थानीय आवश्यकताहरूको पहिचान पश्चात विकास निर्माण नीति, योजना तथा कार्यक्रमहरू तय गर्न सकिन्छ । तसर्थ समग्र विकास प्रक्रियालाई अगाडी बढाउँदै स्थानीय सरकार सञ्चालन गर्न आवश्यक सूचना तथा तथ्याङ्कहरूको संगालोको टडकारो आवश्यकता रहने हुँदा यो नै वस्तुगत विवरण तयारीको अर्को महत्वपूर्ण आधार हो ।

यी बाहेक नेपालले पक्ष राष्ट्र भई हस्ताक्षर गरेको अन्तराष्ट्रिय सन्धि तथा सम्झौताहरूलाई कार्यान्वयन गर्न समेत वस्तुगत सूचनाहरूको आवश्यकता पर्दछ । दिगो विकास लक्ष्य हासिल गर्न जलवायू परिवर्तनको असरहरू न्यूनिकरण गर्न, मानव अधिकारको सुनिश्चितता गर्न, पर्यावरणीय सन्तुलन कायम गरी दिगो विकास गर्न तथ्यपरक सुचनाहरूको आवश्यकता पर्ने भएकोले यी आवश्यकताको आधारमा यो विवरण तयार पारिएको हो ।

१.४ तयारीका चरण

यस गाउँपालिकाको पार्श्वचित्रको तयारी गर्दा प्रयोग गरिएका चरण, औजार तथा विधिहरू निम्नानुसार छन् ।

१.४.१ बस्तुस्थिती विवरण ढाँचा, औजार तथा कार्यविधि तयारी

ठोरी गाउँपालिका क्षेत्रको भौगोलिक अवस्था, जनसंख्या, सामाजिक, आर्थिक, प्राकृतिक, भौतिक, वातावरणीय र संस्थागत बस्तुस्थिती झल्कने साथै भौगोलिक -वडा) तथा सामाजिक -लैंगिक र जातिगत) रुपमा खण्डीकृत विवरण खुल्ने गरि संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रलयले जारी गरेको गाउँ/नगर बस्तुस्थिती विवरण तयारी कार्यविधि, २०७५वमोजिमको बस्तुस्थिती विवरणको ढाँचा पालिकाको कार्यालयबाट स्विकृत गरिएको छ ।

स्वीकृत ढाँचामा उल्लेख भएका विवरण तयार गर्न विश्वासनियता र उपलब्धताको आधारमा

तथ्यांक स्रोतहरूको आँकलन गरि सुचना प्रविधिमा आधारित भई देहाय बमोजिमका श्रोतबाट तथ्याँक तथा सुचना संकलन गरिएको छ ।

क) घरपरिवार सर्वेक्षण : नमुना सर्वेक्षणका लागि छनौट भएका घरपरिवार ।

ख) संस्थागत सर्वेक्षण : स्थानीय कार्यापालिकाको कार्यालय, डिभिजन तथा जिल्ला स्थित विषयगत कार्यालय, शैक्षिक संस्था, स्वास्थ्य संस्था, बैंक, तथा औद्योगिक/ व्यावासायीक प्रतिष्ठान, नापी विभाग, केन्द्रीय तथ्यांक विभाग तथा सो मातहतका कार्यालय संघ/संस्था सामुदायिक संस्था आदिको अभिलेख तथा उपलब्ध विवरण ।

ग) सहभागितामूलक लेखाजोखा सर्वेक्षण : जानकारसंगको अनतरवार्ता, लक्षित समुह छलफल, स्थलगत अध्ययन, समूहगत छलफल ।

घ) प्रथमिक स्रोतबाट तथ्यांक संकलन : प्रथमिक स्रोतबाट तथ्यांक संकलनका लागि कार्यविधीमा निर्धारित *पारिवारिक विवरण संकलन फराम* र *संस्थागत एवं सहभागितामूलक लेखाजोखा सर्वेक्षण फारामको* प्रयोग गरिएको छ । साथै ठोरी पालिकाका सवै वडाहरू निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्ने भएकाले स्थानीय आवश्यकतानुसार केही परिमार्जन सहित मध्यवर्ती उपभोक्ता समुहहरूमा *समूहगत सर्वेक्षण फारम* प्रयोग गरिएको छ ।

ङ) पारिवारिक विवरण संकलनका लागि विद्युतीय माध्यम -Smartphone/Tablet) मा आधारित कम्प्युटर/मोवाइल सफ्टवेर प्रणाली वा एप्लीकेशन प्रयोग गरिएको छ ।

च) द्वितीय स्रोततथ्याङ्क संकलन : केन्द्रीय तथ्यांक विभाग तथा सो अन्तर्गतका कार्याल, गाउ पालिकाको कार्यालय , डिभिजन तथा जिल्लास्थित सङ्घीय तथा प्रदेश सरकारका कार्यालय, विद्यालय, स्रोतकेन्द्र, सेवाकेन्द्र, चौकी, संघ/संस्था तथा समुदायमा आधारित अभिलेख तथा प्रतिवेदन, नापी विभागबाट प्रकाशित नक्सा तथा विभिन्न अध्यायन एवं सर्वेक्षण प्रतिवेदनबाट द्वितीय स्रोततथ्याङ्क संकलन गरिएको छ ।

छ) सहभागितामुलक लेखाजोखा : जानिफकारसंगको अन्तरवार्ता, लक्षित समुह छलफल, स्थलगत अध्यायन, समूहगत छलफललगायत सहभागितामुलक लेखाजोखा विधि प्रयोग गरि पारिवारिक विवरण तथा संस्थागत विवरणमा नपुग थप सुचना संकलन गरिएको छ ।

१.४.२ बस्तुस्थिती विवरण तयारी कार्याशाला

पालिका पदाधिकारीहरूको प्रथम पाँच बर्षिय कार्यकालको उत्तरार्ध र जिम्मेवारी धेरै र समय थोरै भएको कारण बस्तुस्थिती विवरण तयारीका लागि एकिकृत तयारी कार्यशाला गोष्ठी सम्भव नभएकोले कार्यपालिकाका पदाधिकारी, कर्मचारी र सरोकारवलाहरू विच छुट्टा छुट्टै एवं सामुहिक रुपमा परामर्सदाताले भेटघाट, छलफल गरि स्तरीय ढाँचा, तथ्यांकको स्रोत तथा संकलन एवं विश्लेशन तयारी विधीबारे जानकारी गराईएको छ । प्ररम्भिक मस्यौदा तयार भए पछि सरोकारवलाहरूबाट पुनः सुझाव संकलन गरि अन्तिम मस्यौदामा समावेश गरेर गरिएको छ ।

१.४.३ सहजकर्ता तथा गणक छनौट अभिमुखिकरण र परिचालन

पारिवारिक विवरण संकलन गर्नका लागि स्थानीय परिवेश र सर्वेक्षण बारे ज्ञान तथा गणना सम्बन्धी अनुभव भएका जनशक्ति गणनको रुपमा परिचालन गरिएको छ । यसरी पारिचालन गर्दा

उनीहरूलाई दुई दिने अभिमूखिकरण प्रशिक्षण आयोजना गरि पालना गर्नु पर्ने आधार संहिता, परिआउन सक्ने सम्भावित कठिनाई र तथ्यांक संकलन औजार चलाउने तथा तथ्यांक संकलन विधिबारे जानकारी गराईएको थियो ।

१.४.४ तथ्याङ्क संकलन

क) प्रथम तथा द्वितीय स्रोतबाट तथ्यांक संलनकका लागि परामर्सदाता संस्थाले पालिकाका प्रत्येक वडामा दुइ जनाको दरले गणक तथा सर्वेक्षक परिचालन गरिएको छ । उनीहरूले संकलन गरेका तथ्यांक कार्यक्रम संयोजक मार्फत एकिकृत गरि प्रशोधन गरिएको हो ।

ख) यसमा गाउँपालिकाको विभिन्न विषयगत शाखाहरूबाट उपलब्ध हुने विवरणका लागि पालिकाका सम्बन्धीत फाँटका प्रमुख एवं कर्मचारीहरूको सहयोग लिइएको छ ।

ग) पारिवारिक विवरण संकलन गर्दा ट्यवलेट र स्मार्ट फोन प्रयोग गरिएका छन् ।

१.४.५ तथ्याङ्क प्रशोधन तथा विश्लेषण र स्रोतनक्सा तयारी

बस्तुस्थिती विवरण तयारीको पारिवारिक विरण तथा संस्थागत सर्वेक्षण विधिबाट संकलन गरिएको तथ्याङ्कलाई देहाय अनुसार प्रशोधन तथा विश्लेशन गरिएको छ ।

क) पारिवारिक विवरण सर्वेक्षणबाट प्राप्त तथ्यांकलाई कम्प्युटरमा MS Excel, MS Word सफ्टवेर प्रयोग गरि प्रविष्ट गरिएको छ ।

ख) संकलित तथ्याङ्कको प्रशोधन तथा विश्लेषण गाउँपालिकामा कार्यरत सम्बन्धित शाखाका कर्मचारी र स्थानीय सहजकर्ताद्वारा गरिएको छ ।

ग) विश्लेषणबाट प्राप्त सुचनाहरूलाई देहाबमोजिमको क्षेत्र अनुसार खण्डीकृत गरि प्रस्तुत गरिएको छ ।

१. भौगोलिक (वडागत)

२. सामाजिक (लिङ्गको आधारमा)

३. संरचना (जातजाति)

४. सामाजिक न्यायको नीतिले परिलक्षित क्षेत्रहरू

५. स्थानी आवश्यकताले निर्धारण गर्ने अन्य क्षेत्रहरू- तथ्यांक प्रशोधन तथा विश्लेषणबाट प्राप्त सुचना तथा विवरणलाई आवश्यकतानुसार उपयुक्त तालिका, सूचकाँक, रेखाचित्र वा नश्शाको रुपमा प्रस्तुत गरिएको छ ।

६. विश्लेशनबाट प्राप्त सूचनालाई सम्भव भएसम्म केन्द्र प्रदेश तथा जिल्लाको विवरणसंग तुलना गरिएको छ ।

७. संकलित तथ्यांकको प्रशोधन, विश्लेशन र प्रस्तुतिका लागि आवश्यकतानुसार तथ्यांक विज्ञ वा प्रविधिकको सहयोग लिइएको छ ।

घ) स्रोत नक्शाः गाउँपालिकाको देहाय बमोजिम स्थानगत तथा बस्तुस्थिती विशेषतादर्शाउने विवरणलाई प्रस्तुत गर्ने गरि स्रोत नश्शा तयार पारिएको छ ।

१) प्रकृतिक स्रोतसाधन (वन जंगल, नदीनाला, तालतलैया, पोखरी, सिम्सार, कृषि, चरण क्षेत्र) ।

२) सांस्कृतिक सम्पदा (मठमन्दिर, धार्मिक तथा सास्कृतिक स्थल) ।

३) पूर्वाधार विकास (पैदल मार्ग, सडक, पुल, कल्भर्ट, नहर, कुलो, पैनी, खेलमैदान, आवास, खुल्ला क्षेत्र)

४) सेवा केन्द्रहरू (गाउँपालिका केन्द्र, अस्पताल/स्वास्थ्य केन्द्र, विद्यालय/शैक्षिक संस्था, सेवा केन्द्र, बैंक तथा वित्तीय संस्था, सामुदायीक भवन आदि)

५) Global positioning System(GPS) Survey, Google Earth Survey, GIS Database लाई आधार मानी स्रोत नक्सा तयार पारिएको छ ।

१.४.६ बस्तुस्थिती विवरणको मस्यौदा तयारी

ठोरी गाउँपालिकाको बस्तुस्थिती विवरणको मस्यौदा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रलयले जारि गरेको गाउँ/नगर बस्तुस्थिती विवरण तयारी कार्यविधि, २०७५ को अनुसुची २ को ढाँचामा तयार गरिएको हो ।

बस्तुस्थिती विवरण तथ्यांक विश्लेशन गरि प्राप्त सुचनालाई क्षेत्रगत, लैंगिक तथा सामाजिक आधारमा खण्डीकृत गरि तालिका, सूचकाँक, ग्राफ र चित्र तथा नक्शा वीच तार्किक सम्बन्धको आधारमा प्रस्तुत गरिएको छ । प्रस्तुत विवरण बुझ्न सजिलो हुने गरि उपयक्त भाग खण्ड र उपखण्डमा विभाजन गरिएका छन् ।

१.४.७ बस्तुस्थिती विवरण सुझाव संकलन

क) पालिकाका जनप्रतिनीधि, पदाधिकारी पूर्व जनप्रतिनीधि, नागरिक समाजका अगुवा, विषयगत जानकारहरूसंग प्रत्यक्ष भेटघाट गरी पालिकाको बस्तुस्थिती विवरणको लागि सुझाव संकलन गरिएको ।

ख) हरेक घरधुरी समेटिने गरि गाउँ टोलमा गठित राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र उपभोक्ता समुह, विभिन्न वित्तिय संस्थाहरूको बचत तथा ऋण सहकारी समुहको पदाधिकोरी एवं सदस्यहरूसंग भेटघाट, छलफल गरि विभिन्न सर्वेक्षण आदिको नतिजाहरू समावेश गरिएको छ ।

ग) मस्यौदा विवरणमा सहयोगी निकायहरू जिल्ला समन्वय समिति, वडा समिति, शाखा तथा इकाईहरूबाट उपलब्ध सुझावलाई समावेश गरिएको ।

१.४.८ गाउँ बस्तुस्थिती विवरण अन्तिम प्रतिवेदन तयारी -

प्रमाणिकरण कार्यशाला गोष्ठी पछि गोष्ठीमा प्राप्त सुझावहरूलाई समेत समेटेर मात्रै अन्तिम प्रतिवेदन तयार गरि प्रकाशन गरिने छ । कार्यविधीको पेज ११ (८-७) बमोजिम ।

१.५ बस्तुस्थिती विवरणको सीमा

पार्श्वचित्र तथा बस्तुस्थिती विवरणको अवधारणा अनुसार यसले गाउँपालिकाको सम्पूर्ण पक्षको यथार्थ जानकारी सरल एवं स्पष्ट रुपमा दिने प्रयास गरिएको छ । अध्ययनलाई यथासक्य वस्तुगत बनाउने प्रयास गरिएको छ । तैपनि स्रोत, साधन, समय तथा सुचना व्यवस्थापनको सिमितताको कारण अपेक्षित केही सूचनाहरू प्राप्त हुन सकेका छैनन् । तथापि अध्ययनमा निर्धारित उद्देश्यको आधारमा आवश्यकता अनुसारको तथ्याङ्कहरू भने समावेश गरिएका छन् ।

विवरणमा यथा सक्दो बढि सुचना समावेश गर्ने प्रयास गरिएको छ । नयाँ प्रणाली अनुसार पालिकाको सुरुवाती कार्यकाल कतिपय कुराहरू अभ्यासकै क्रममा रहेको हुँदा कानुनी, नितिगत तथा तथ्यांक व्यवस्थापन सम्बन्धी व्यवाहारिक कठिनाईहरू छन् ।

यसको वावजुद सम्बन्धीत र सरोकारवला सवै पक्षको प्रयासबाट गाउँ बस्तुगत विवरण तयार भएको छ । पालिकाले पहिलो प्रयासको रुपमा तयार पारेको यस बस्तुगत विवरण आगामी दिनमा नयाँ परिवर्तित परिस्थती र आवश्यकतानुसार परिमार्जन गर्दै लगिनेछ ।

परिच्छेद-२: गाउँपालिकाको चिनारी

२.१ भैगालिक अवस्थिति:

ठोरी गाउँपालिका नेपालको पछिल्लो प्रशासनिक विभाजन अनुसार मधेश प्रदेशको पर्सा जिल्लामा पर्दछ । ठोरी गाउँपालिका भौगोलिक हिसाबले 27°21'20" देखि 27°36'46" उत्तरी अक्षाँशमा र 84°48'68" देखि 84°74'37"पूर्वी देशान्तरसम्म फैलिएको छ । यो पालिका पर्सा जिल्लाको सुदुर पश्चिम क्षेत्रमा अवस्थित छ । पालिकाका आवाधि क्षेत्रका अधिकाँश भूभाग समथर छ भने जंगल क्षेत्रमा पहाडहरू रहेका र सोको उचाईका कारण भौगोलिक रुपमा जिल्लाका अन्य पालिकाहरू भन्दा केही विविधता छ । यो गाउँपालिका समुद्र सतहबाट १२० मिटर देखि ३१० मिटरसम्मको उचाईमा छ । १२८.०० वर्ग.कि.मी. कुल क्षेत्रफल रहेको यस ठोरी गाउँपालिकाको पूर्वमा जिरा भवानी गाउँपालिका, पश्चिममा चितवन जिल्लाको सीमाना, उत्तरमा चितवन राष्ट्रिय निकुञ्ज र पर्सा राष्ट्रिय निकुन्ज रहेको छ भने दक्षिण तर्फ भारतको अन्तराष्ट्रिय सिमाना छ ।

२.२ ऐतिहासिक चिनारी तथा नामाकरण

२.२.१ ऐतिहासिक चिनारी :

ठोरी प्रचिन ऐतिहासिक मानव बस्ती हो । यस क्षेत्रको नाता रामायणकाल, महाभारतकालसंग जोडिएको छ । ठोरीसंगै सीमा जोडिएको हाल भारत विहार राज्यको बालमिकी बाघसंरक्षण क्षेत्र जहाँ बालमिकी ऋषिको आश्रम थियो, भन्ने पौरानीक तथ्य सर्व स्विकार्य हुनुले पनि यस तथ्यलाई पुष्टी गर्दछ । ठोरी, थारू राजा चित्रसेन बाबाको तपश्य स्थल चित्र वन (पछि अपभ्रान्स हुदै हाल चितवन) को अभिन्न अंग रहेको कुरा थारू बंशावलीका खोज नुसन्धानकर्ताहरूको दावि छ । अहिलेको चितवन राष्ट्रिय निकुञ्जको जंगल चित्रसेन बाबाको तपश्य स्थल भए पछि सो आसपासका क्षेत्र पूर्वी चितवन, पश्चिमी चितवन, माडी-ठोरी चित्र सेनका अनुयायीहरूको आश्रय स्थल थारु बस्ती थियो ।

तिरहुत राज्यको विस्तार भन्दा पहिले देखि नै अर्थात शाक्य मुनि बुद्धकालिन अवस्थमा नै ठोरीलगायत चितवन क्षेत्रमा थारू बस्ती थियो । यस क्षेत्रका थारूहरू तीन हजार बर्ष भन्दा पहिले देखि थिए भन्ने खोज अनुसन्धानकर्ताहरूको ठम्याई छ । यससम्बन्धमा खोजकर्ता व्राइन हड्सनले आफ्नो पुस्तक (वोदो, धिमाल र कोचे आदिवासी) मा यस्तो लेखेका छन् -मलेरिसंग लड्न सक्ने अनुवंशिक प्रतिरोधात्मक क्षमताको विकास गर्न थारू जाति कम्तीमा पनि तीन हजार बर्ष औलोको प्रकोप क्षेत्रमा बसेकोहुनुपर्छ - औलोसंग लडने क्षमता थारू जातिमा छ । चितवन औलो क्षेत्र भएकोले चितवनतर्फ औंलाले पनि देखाउनु हुँदैन, देखाएमा जुन औंलाले देखायो त्यही औंला औलोले डढेर कालो हुन्छ, भन्ने हिमाल तथा पहाडी क्षेत्रका बासिन्दामा त्रस थियो । यसले पनि चितवनमा थारूहरू पहिले देखि नै थिए भन्न सकिन्छ ।

राणा शासन पूर्व शाह कालमा चितवनलाई विभिन्न चारवटा प्रगन्नमा बाँडिएको थियो । राण शासन सुरु भए पछि यसलाई चारबाट बढाएर ६ वटा प्रगन्नमा विभाजन गरियो । जसमध्ये छैठौ प्रगन्न माडी हो । यसरी प्रशासनिक विभाजन गरिएको माडी प्रगन्नमा माडीका सम्पुर्ण भूभाग र ठोरी समेत थियो । माडी प्रगन्नमा माडीका २२ मौजा र ठोरीका ४ मौजा गरी २८ मौजा निर्माण गरिएका थिए ।

उक्त २६ वटा प्रगन्ना (गाउँ) को जिम्मा विसं. १९५० भन्दापहिले देखि माडी बघौडाका रामसिंह चौधरीले पाएका थिए । चौधरी माडी प्रगन्नका पाचौ प्रगन्न प्रमुख चौधरी हुन । चौधरीको मातहतमा रहेका मौजामा माडीका २२ मौजा १-सेरवा, २-गर्दी, ३-चिरोली, ४-धुरवा, ५-वरवा, ६-वजियाटार, ७-लक्षमुनिया, ८-चैनपुर, ९-जौनपुर, १०-इनार वरवा, ११-अमरोली, १२-सिधवा, १३-वसन्तपुर, १४-पिपरिया, १५-बघौडा, १६-धोवाहा,/रतनी, १७-सिमरा, १८-बैराठ, १९-बेलुवा, २०-खैरहनी, २१-सिम्रहनी र २२-लौगाई रहेका थिए । यस्तै ठोरीका ४ मौजामा १-ठोरी, २-सिकारीबास, ३-वडार र ४-बाँडोगड (बाँडागाउँ) थिए ।

२००७ सालको राजनीतिक परिवर्तनलाई राजा महेन्द्रले २०१७ सालमा शैन्य कु गरेपछि २०१८ साल बैशाख १ गतेको घोषना अनुसार मुलुकमा १४ अञ्चल ७५ जिल्ला स्थपना भयो । यसपछि चितौन जिल्लामा २२ वटा गाउँपञ्चायत निर्माण गरियो ।

माडी प्रगन्न पञ्चायतमा रुपान्तरण भइ यसको केही क्षेत्रलाई बघौडा गाउँपञ्चालयत बनाईयो । ठोरी क्षेत्र चितवन बघौडा गाउँपञ्चायत अन्तर्गत रहने भयो । फेरी यसको चार बर्ष पछि विसं. २०२३ सालमा चितौनको प्रशासनिक पुनःसंरचना गरि एउटा नगरपालिका सहित ४२ वटा गाउँपञ्चायत निर्माण गरियो । यस पटक बघौडा गाउँपञ्चायतलाई टुक्रयाएर पश्चिम तर्फ अयोध्यापुरी गाउँपञ्चायत र पूर्व तर्फका क्षेत्रलाई ठोरी गाउँपञ्चायत नामाकरण गरियो ।

ठोरी हाल ठोरी गाउँपालिका वडानं १ देखि ४ सम्मको क्षेत्र ठोरी गाउँपञ्चायत बनेर पनि करिब १२ बर्ष चितवन जिल्लामा नै रहेको थियो । प्रशानिक असुविधाका कारण देखाउँदै विसं. २०३५ साल पछि ठोरी गाउँपञ्चायतलाई चितवनबाट कटाएर पर्सा जिल्लामा समावेश गरिएको हो । यस पछि ठोरी पञ्चायतलाई पनि टुक्रा पारि ठोरी गाउँपञ्चायत र निर्मलबस्ती गाउँपञ्चायतमा विभाजन गरिएको थियो । २०४६ को राजनीतिक परिवर्तनसंगै पञ्चायत शब्दलाई परिवर्तन गरेर गाविस नामाकरण गरियो ।

मुलुकमा संघियता आएसंगै नेपालको संविधान २०७२ जारि भएपछि राज्य पुनसंरचनाको क्रममा ठोरी गाविस, निर्मलबस्ती गाविस र थप एक गाविस सुवर्णपुरलाई समायोजन गरि ठोरी गाउँपालिका नामाकरण गरिएको हो ।

भारतको पाटली पुत्र (हाल पटना) नजिक बैशालीबाट लिक्ष्छवी बंश काठमण्डौ प्रवेश गर्दा ठोरीकै बाटो भएर प्रवेश गरेको इतिहाँसले बताउँछ । आधुनिक नेपाल निर्माण भन्दा पहिला देखि पैदल तथा घोंडचढी यात्रुहरू आवत जावत गर्ने मार्गको रुपमा रहेको ठोरी, नेपाल एकिकरण पछि पनि वीरगंज र भैरहवा नाका अस्थित्वमा आउनु भन्दा पहिलेसम्म मुलुककै प्रमुख व्यपारिक नाकाको रुपमा थियो ।

पञ्चायती व्यवस्थाको प्ररम्भसम्म चितवन, तनहुँ, धादिंग, नुवाकोट, गोर्खा, काठमण्डौलगायत हाल बागमती प्रदेशका अधिकाँश जिल्लाहरूका लागि ढाक्रेहरूले ठोरी नाका प्रयोग गरेर भारत तर्फका भिखना ठोरी बाट नुन, तेल, सुर्ती, कपडालगायतका सामाग्री ओसार्थे ।

ठोरीमा मानव बसोवास गर्न कहिले देखि प्ररम्भ भएका हुन् भन्ने यकिन तथ्य पत्ता लागिसकेको छैन । काठमण्डौमा लिच्छवी वंशले राज्य गर्दा नेपाल र भारत पटना तथा पाटली पुत्र विचको व्यापार ठोरी क्षेत्र भएर नै विस्तार भएको थियो । काठमण्डौ- टिस्टुङ्ग पालुङग वा काठमण्डौ -हेटौंडा भिफेदी हुँदै पैदल तथा घोडा सवारमा पटना जान आउन ठोरी नाका सवै भन्दा सरल र सिधा रेखामा छ ।

आज भन्दा ११२ बर्ष पहिले वि.सं. १९६६ मा ठोरी बेथरी बजार स्थापना गर्ने क्रममा डिट्ठा लक्ष्मीनारायणलाई राणा शासकले दिएको पत्रको २१ बुँदे निर्देशनमध्ये सातौं बुँदामा (७) मालसामान चोरी बाटो ल्याउन नदिनु, सोमेश्वर, ठोरी, भरौटेखोला, र टांघाट यी चार सनातनदेखि चलिआएका बाटाहरू हुन् । यी वाहेक अरू बाटाहरू वन्द गर्नु (डा. देवीप्रसाद कँडेल, चितवनको इतिहास,(चितवनः लक्ष्मीदेवी, ३०६५ पृ.३५-३७) भनिएको छ । यस बुँदाले पनि ठोरी नाका सदियौं देखि चलनमा रहेछ भन्ने पुष्टी गर्छ ।

ठोरीमा मानव बस्ती प्रचिन काल देखि नै थियो भन्ने कुरा सो आसपासका क्षेत्रमा प्राप्त अवशेषहरूले पनि स्पष्ट छ । यसमा गहन खोज अनुसन्धान जरुरी छ । परम्परागत सिमित मानव बस्ती ठोरीलाई राष्ट्रिय सीमा रक्षाका लागि विसं. २०२२ सालमा तत्कालिन राजा महेन्द्रले विस्तार गरेका हुन् ।

क) राजनीतिक परिवर्तनको इतिहाँसमा ठोरी : जहाँनीय राणा शासन र एक दलिय पञ्चायती व्यवस्था विरुद्धको क्रान्ति एवं संघिय लोकतान्त्रीक गणतन्त्रका लागि भएको जनयुद्धमा ठोरीको महत्वपूर्ण भूमिका रहेको छ । राणा शासन विरुद्ध जुटेका नेता तथा कार्यकर्ताहरू भारतको नरकटियागंज, पटना, बनारस, कोलकोता स्थित सेल्टरमा आउन-जान ठोरीकै बाटो प्रयोग गर्थे ।

सोही क्रममा वि.सं. २००१ साल असार ७ गते राति भद्रगोल जेल तोडेर भूमिगत संगठन निर्माण गर्दै हिंडेका गणेशमान सिंह भारत तर्फ जाने क्रममा वि.सं. २००७ साल अशोज २७ गते तत्कालिन चितवन, हाल पर्साको ठोरीबाट पक्राउ परेका थिए । इन्द्र जात्राको मौका पारि राणा शासकको खान्दान नै बलमे उडाउने योजना साथ काठमण्डौ छिरेका गणेशमान सिंह सहित उनको ११ जना टोलीको बारेमा राणा शासकले थाहा पाए पछि टोली सदस्य सुन्दरराज चालिसेलगायतका धेरै साथीहरू काठमण्डौमा नै पक्राउ परे ।

गणेशमान काठमाडौँबाट राणा व्यापारीको भेषमा भाग्नुपर्‍यो । उहाँ पैदल बाटो हिँडेर त्यसबेलाको चितवनमा पर्ने ठोरीमा सीमाना पार गर्न लाग्दा आश्विन २३ गते गिरफ्तार हुनुभयो र सिंहलाई काठमाडौँ लगेर कालिबहादुरको गारतमा कठोर यातनाका साथ थुनामा राखियो । सिंह लगायत इन्द्रजात्रा पर्वमा मुछिएका ११ जनालाई राणाहरूको गाथगादी ताकेको अभियोगमा मृत्युदण्डको सजाय दिने निर्णय गरिएको थियो तर नेपाली काङ्गेसको आन्दोलन सुरु भएपछि राणा सरकारले

मृत्युदण्डको सजायँ दिन सकेनन् । ने.का. को आन्दोलन सफल भएपछि गणेशमान सिंह जेलबाट मुक्त हुनुभयो ।

ठोरी मुक्ति सेनाको कब्जामा -

२००७ साल कार्तिक २६ गते श्री ५ त्रिभुवनको सपरिवार भारतको दिल्लीमा सवार भयो । यता नेपाली काङ्गेसले देशका महत्वपूर्ण सहरमा आक्रमण गर्न थाल्यो । पहिलो आक्रमणमा विराटनगर कब्जा गरेको मुक्ति सेनाले दोस्रोमा कब्जा गर्‍यो । तेस्रो महत्वपुर्ण स्थल वा नेपाल-भारत आवत जावत हुने नाका ठोरी कब्जा गरेर नेपाली काँग्रेसले राणा शासकलाई नाकाबन्दी गरेको थियो ।

मुक्तिसेनाका जवानहरू कर्णेल डी.वी. राईको नेतृत्वमा ठोरी कब्जा पछि चितवन कब्जा गर्न अघि बढे । ठोरी कब्जा गरेपछि मुक्तिसेनाको ध्यान सोझै चितवनको सदरमुकाम उपरदाङगढीतर्फ लाग्यो । यसक्रममा झुवानी स्थित पुलिसठानामा सजिलै कब्जा गरे । त्यसपछि शेरबासमा रहेको माल अड्डामा आक्रमण गरे । आक्रमणको क्रममा राणाका एजेन्टले मालअड्डा आगजनी गरे ।

त्यसपछि मुक्तिसेनाले उपरदाङगढीमा रहेका सबै सरकारी कार्यालयहरू नियन्त्रणमा लिए । चितवनमा कब्जा गरिसकेपछि मुक्तिसेना ठोरीकै बाटो भएर त्रिवेणी भैँसालोटन हुँदै परासी कब्जा गर्न अगाडि बढेका थिए । यही क्रममा २००७ साल फागुन ७ गते नेपालमा राणाशासनको अन्त्य भई प्रजातन्त्रको स्थापना भयो । राणा शासनको अन्त्यसंगै गणेशमान सिंहलगायतका नेताहरू जेलमुक्त भएका थिए ।

त्यसैगरि २००७ को राजनीतिक परिवर्तन पछि २०१७ सालमा राजा महेन्द्रले शैन्य कु गरेपछि सो विरुद्ध नेपाली काँग्रेसको अगुवाईमा पुनःशसस्त्र बिद्रोह ठोरीबाटै सुरु भएको थियो । नेपाली काँग्रेसको पटना अबिधेशनको निर्णय अनुसार चितवन जिल्ला कब्जा गर्न हिंडेका जनमुक्ति सेनाको तीन ठोली मध्ये लालध्वज गुरुङ्ग, बुद्धिशागर रानामगर, जगतप्रकाश जङ्ग शाह, कमल राई, शम्सेर वहादुर राई नेतृत्वमा रहेका जनमुक्ति सेनाको टोलीले वि.सं.२०१८ साल माघ २३ गते दिउँसो ठोरी पुलिस चौकी कब्जा गरेर हतियार हतियार नियन्त्रणमा लिएको थियो । सोही टोली र थप दुई टोली समेत तीन टोलीको सहभागितामा भोलि पल्ट अर्थात माघ २४ गते विहान ८ बजे माडी स्थित बघौडा प्रहरी चौकीमा धावा बोलि हतियार कब्जामा लियो । यसरी ठोरीको सफलताबाट उत्साहित हुँदै अगाडि बढेको जनमुक्ति सेनाले माघ २६ गते विहान चितवन सदरमुकाम भरतपुर कब्जा गरेका थिए ।

ख) संघिय लोकतान्त्रिक गणतन्त्र स्थपनामा ठोरीको इतिहाँस : विसं. २०५२ सालबाट सुरु भएको माओवादी जनयुद्ध तथा संघिय लोकतान्त्रीक गणतन्त्र प्राप्तीको युद्धमा पनि ठोरीको इतिहाँस सुनौला अक्षरले कोरिएको छ । जनयुद्धको क्रममा पुर्वाञ्अञ्चलमा नै पहिलो पटक माओवादी छापामारले तत्कालिन निर्मलबस्ती गाविस-९ हाल

ठोरी गापा-४ मालीबस्तीस्थित अस्थाई प्रहरी चौकी माथि सफल फौजी कारवाई गरेको हो ।
क्षेत्रवहादुर श्रेष्ठ (अनिल)को नेतृत्वमा भएको उक्त कारवाईमा धनवहादुर श्रेष्ठ (अशिम), पिएल श्रेष्ठ (सफल), नातिकाजी सुनार (रुद्र), भावु दोङ्ग (डेमा) लगायत १५ जना जति मिलिसिया र छापामारको सहभागिता थियो । मालीबस्ती चौकीबाट माओवादीले थ्रिफिप्टीन राईफल दुइवटा साथै २०० थान गोली कब्जा गरेको थियो । २०५५ साल अशोज १० गते साँझ करिब पाँच बजे मालीबस्ती चौकी रक्तपात विना कब्जा गर्न माओवादी सफल भएको हो । त्यस पछि यस क्षेत्रका ईलाका प्रहरी कार्यालय ठोरी, सीमा प्रहरी चौकी ओडार, प्रहरी चौकी सुवर्णपुर, विजयबस्तीलगायतका प्रहरी इकाई र तत्कालीन शाही सेना पोष्ट शिकारीवास खाली गरि सदरमुकाम केन्द्रीत भयो । एक दशक भन्दा लामो जनयुद्धको क्रममा ठोरी पालिका क्षेत्रका पाँच जनाले सहादत्त प्राप्त गरे भने एक जना अझै बेपत्ता छ । सहादत्त प्राप्त गर्नेहरूमा वीरबहादुर पाखिन, हरि सापकोटा, कुन्दा पाखिन, हिरा श्रेष्ठ, पूर्ण जोशी छन् । किसान नेता बसन्त भण्डारी (निमर्मल) अझै बेपत्ता छन् ।
सहादत प्राप्त गरेकामध्ये जोशीको बार्ता पछि गौर काण्डमा हत्या भएको हो । यसरी जनयुद्धको क्रममा एउटै पालिकाको ६ जनाले सहादत प्राप्त गर्ने मधेश प्रदेशमा नै ठोरी एक मात्रै पालिका हो ।

ग) शिकारको लागि नाम चलेको ठोरी : वन्यजन्तुको शिकार गर्न ठोरी नाम चलेको थियो । यहाँ राजामहाराजा तथा राज्यका ठुला पदाधिकारीहरू शिकार खेल्न आउँथे । हाल ठोरी गाउँपालिका वडानं. ३ स्थित शिकारीबास क्षेत्रमा राणा श्री ३ जंगवहादुर देखि राजा महेन्द्र समेत शिकार खेल्न आएका थिए । भनिन्छ । शिकारीबास आसपासको क्षेत्रमा पाइएका भग्नावशेषहरूको खोज अनुसन्धानको प्रयास कतैबाट पनि भएको छैन ।
त्यसैगरि बेलायत महारानी एलिजाबेथका हजुरबुबा राजा जर्ज पञ्चम, श्री ३ चन्द्र शमशेरको निम्तो स्वीकार गर्दै सन् १९११ मा शिकारकै लागि ठोरीको जंगलमा आइपुगेका थिए । त्यो भन्दा पाँच बर्षअघि उनी युवराज छँदा, सन् १९०६ मा शिकारका लागि नेपाल आउने तयारीमा थिए । तर, तराईमा हैजाको महामारी फैलियो, आउन पाएनन् भन्ने कुरा ईतिहासकार पुरुषोत्तम शमशेर राणाले (श्री ३ हरुको तथ्य बृत्तान्त -भाग २ मा) उल्लेख गरेका छन् । त्यसक्रममा जर्ज पञ्चमले २१ वटा बाघ, ८ गैंडा, चितुवा, जरायो, बँदेल, चित्तल लगायतका जनावरहरुको शिकार गरेका थिए ।

२.२.२ नामाकरण : ठोरी गाउँपालिकाको नाम **ठोरी** नामाकरण विघटित **ठोरी गाविसबाट** भएको हो । तत्कालिन सुवर्णपुर, निर्मलबस्ती र ठोरी गाविसलाई समायोजन गर्दा तीन गाविस मध्ये सवैभन्दा जेठो, ठोरी गाविसको नामबाट पालिकाको नाम राखियो । नेपाली शब्द कोषमा ठोरी शब्दको अर्थ चारै तर्फ पहाडले घेरेको मानव बस्न योग्य समथर ठाउँ भनिएको छ ।
यसको मतलव ठोरीको नाम नेपाली शब्दकोषबाट आएको होइन, ठोरीको चित्रन चाही नेपाली शब्दकोषमा भएको हो । अत ठोरी शब्द नेपाली शब्दकोष भन्दा पुरानो हो भन्ने प्रमाणित हुन्छ । त्यसैले त ठोरी शब्दको अर्थमा ठोरी स्थानको भौगोलिक अवस्थ बर्णन गरियो ।

ठोरीको नाम ठोरी रहनुमा विभिन्न भनाईहरू छ ।

क) थारू भाषा अनुसार -

१) थारूको प्राचिन बासस्थान रहेकाले यसको नाम थोरी हुँदै ठोरी रहन गयो भन्ने छ । राहुल साँस्कृत्यायनका विचारमा स्थवीर शब्द अपभ्राँस भएर थावर भयो, थावरबाट थोर र थोरबाट थर अनि थरबाट थारू थारू शब्दको उत्पत्ति भएको हो । यसैगरि थारूबाट थोरी शब्द र थोरीबाट ठोरी नामाकरण हुन गएको हो भन्ने तर्क थारू अगुवाहरूको तर्क छ । अहिले पनि ठोरी नेपालसंग सीमा जोडिएको भारतीय थरुहट क्षेत्रको सीमावर्ती बजारलाई **थोरी** (भिखना थोरी) भनिन्छ ।

२) ठोरीको नामाकरणबारे थारूको बासस्थानसंग जोडिएको अर्को तर्क पनि छ । थारु भाषामा सानो, अलिकलि वा

थोरैलाई **ठोर** भनिन्छ । **डी** को अर्थ घडेडी वा बस्ने ठाउँ हो । पश्चिम तर्फ सोम्मेश्वर पर्वत र पूर्व तर्फ चुरे पहाड विचको संगम स्थल, जताततै खोला र त्यसैको नदि उकाशबाट बनेको मानव बसोवास योग्य सानो स्थानलाई **ठोर डी** भनिएको हो । पूर्वी, चितवन, पश्चिमी चितवन, पर्साका थरुहट क्षेत्र र हाल भारत तर्फ रहेको थरुहट फाँटको तुलनामा यहाँ सानो बासस्थान वा थोरै घडेडी भएकोले **ठोर डी** भनिएको र सोही शब्द पछि गएर **ठोडी**, **ठोरी** हुन गएको हो भन्ने मत छ ।

ख) हिन्दी भाषा अनुसार-

१) हिन्दी भाषामा **ठोर** को अर्थ चराको ठोंड, ओंठ हुन्छ । भौगोलिक रुपमा पश्चिम तर्फ सुम्मेश्वर पर्वत माला र पूर्व तर्फ चुरे पहाडले घेरिएको यस क्षेत्र ठोरीखोला र सरस्वता खोलाको संगमबाट चराको ठोंड अथवा ओंठ जस्तै बनेर दक्षिण तर्फ नदि बगेको छ । त्यसैले भारतीयहरूले यही नदी बहने स्थललाई **ठोर** भन्दा भन्दै कालान्तरमा **ठोरी** भएको भनाई छ ।

२) हिन्दी भाषालाई आधार मानेर ठोरीको नामाकरण बारे अर्को मत पनि छ । **ठोरी** को अर्थ तोरी वा उखु पेल्ने कोलबाट तप-तप तेल वा रस चुहिने भागलाई बुझाउँछ । ठोरी भन्दा दक्षिण तर्फको ठुलो भूभागका बासिन्दा ठोरीको पानीलाई तेल वा रस जतिकै महत्व दिन्थे । विगतमा उक्त क्षेत्रमा पिउन पानीको एक मात्र स्रोत ठोरीको पानी नै थियो । दुइवटा पर्वतको विचबाट बगेको ठोरी खोला (भारत तर्फ पण्डै रिभर) बहने स्थलको भौगोलिक आकार पनि रस चुहिने **ठोरी** जस्तै छ, त्यसैले यस क्षेत्रलाई हिन्दी भाषामा ठोरी भनिएको हो । यी तर्कहरू केवल भनाई र सुनाईमा मात्रै सिमित छ । ठोरीको नामाकरणबारे प्रमाणित अभिलेखहरूका लागि थप खोज अनुसन्धान जरुरी छ ।

ग) लिच्छवी बंशको थर अनुसार-

लिच्छवी बंशको एउटा थरबाट ठोरीको नाम रहन गयो भन्ने तर्क पनि खोज अनुसन्धानकर्ताहरूको छ । इसापूर्व छैटौँ शताब्दीतिर लिच्छविहरूले वैशालीमा गणतन्त्रात्मक शासन चलाएका थिए तर पछि अजातशत्रुद्वारा वैशाली गणतन्त्रको पतन गराइएको थियो । त्यसपछि इशाको पहिलो वा दोस्रो शताब्दीतिर भारतमा व्यापक आन्तरिक सङ्घर्ष भएको कारण लिच्छविहरू नेपालतिर पसे । उनीहरू ठोरीकै बाटो भएर नेपाल उपत्यकामा प्रवेश गरेका थिए । उनीहरूले नेपाल उपत्यकाका किरातहरूलाई सत्ताबाट हटाएर आफू नेपालका शासक बने ।

यतिकै उनीहरु चुप बसेनन् । लिच्छवी राजा मानवदेव प्रथमले गण्डकीपारिको मल्लपुरीमा आक्रमण गरी त्यहाँका मल्लहरूलाई आफ्नो काबुमा पारेको कुरा लिच्छवीकालिन अभिलेखमा उल्लेख छ । इतिहासकार बाबुराम आचार्यका अनुसार मल्लपुरी नारायणी नदी पारी हालको नवलपरासीमा थियो । यसबाट स्पष्ट हुन्छ कि त्यसबेला चितवनको भूभाग अन्तर्गत ठोरी लिच्छवि राज्यअन्तर्गत रहेको थियो । यहाँ लिच्छवीहरूको आउने जाने क्रम निक्कै चलेको हुनु पर्छ ।

लिच्छविवंशका प्रतापी राजा अशुवर्मा अत्यन्त लोकप्रिय राजा थिए । उनले आन्तरिक सुधार र अन्तर्राष्ट्रिय सम्बन्धलाई पनि विशेष महङ्गव दिएका थिए । राजा अंशुवर्माको समयमा नेपालको बाह्य व्यापार फराकिलो भएको थियो । उनको समयमा दुवै छिमेकी देशहरूसँग वैवाहिक सम्बन्ध स्थापना हुनुका साथै व्यापारमा पनि व्यापक परिवर्तन आएको थियो । अंशुवर्माले काठमाडौँ -चितवन--सोमेश्वर (अयोध्यपुरी) हुँदै भारत जाने राजमार्ग निर्माण गरेका थिए ।

यो बाटो थानकोटबाट टिस्टुङ हुँदै चुरे पार गरेर ठोरीकै बाटो सोमेश्वर भएर भारतको रामनगर निस्कन्थ्यो । टिस्टुङमा प्राप्त भएको अंशुवर्माको समयको अभिलेखमा उल्लेख भएअनुसार फलाम, चमर, ऊन, कस्तूरी र तामाका भाँडाबाहेक अरू निकासी गर्ने मालसामानमा भन्सार महसुल मिनाह गरेर बाह्य व्यापारलाई प्रोत्साहन गरेका थिए । ठोरी- माडी क्षेत्रमा पर्ने सोमेश्वर पहाडमा धेरै पछि सेन राजाहरूले गढी निर्माण गरेको कारण सोमेश्वरगढी तर्फ मात्रै खोज अनुसन्धान भएको पाइन्छ ।

काठमण्डौ उपत्यकाबाट आउनेहरू मकवानपुरबाट ठोरी हुदै समथरबाट प्रयोग गरेर हालको भिखना ठोरीबाट तत्कालिन चम्पारणको सदरमुकाम राजपुर हुँदै रामनगर जान्थे । ठोरीबाट भिखना ठोरी वा राजपुर नभइ सिधै रामनगर जाने विशेष गरि घोंडचढीहरू चार्ही पहाडी बाटो सोम्मेश्वरगढी भएर रामनगर तर्फ जान्थे भन्ने भनाई पनि छ । जे होस

लिच्छवी कालको व्यपारमा ठोरीको बाटो समेटीएको यहँ लिच्छवी बंशकाहरू आवाज जावत भइरहने हुँदा सोही बंशको थर **ठोर** बाट ठोरी नामाकण भएको हुन सक्ने तर्क छ ।

घ) घुरुङ् (तमु) को थरबाट -

ठोरीको नामाकरण गुरुङ् (तमु)को थरबाट आएको सो जातिका खोज अनुसन्धानकर्ताहरूको भनाई छ । गुरुङ (तमु) समुदायको करिब १७६ वटा थर तथा उपथरहरू मध्ये **ठोर** थर पनि छ । गुरुङको थर **ठोर** बाट ठोरीको नाम रहन गएको हो । गुरुङ समुदाय लडाकु स्वभावका तथा मसहुर हुने भएकाले नेपाल एकिकरणको क्रममा शाह बंशिय राजाहरूले पूर्वमा टिस्टा देखि पश्चिम काँगडासम्म पटक-पटक गुरुङहरूलाई पठाएका थिए । गण्डक क्षेत्र मुख्य बासस्थान रहेका गुरुङहरू युद्धको क्रममा जहाँ गए त्यही उसको बसोवास जम्दै गयो । आज भूटान, सिक्कीम, दार्जलिङ, वर्मा, गडवाल, कुमाउसम्म गुरुङ जाती फैलिएको छ । यसैक्रममा ठोरीमा पनि यो समुदाय आइपुगेको हुनु पर्छ ।

त्यसैगरि भारतमा अंग्रेजले शासन गर्न थाले पछि नेपालका गुरुङ समुदायका युवाहरूलाई ब्रिटिस गोर्खामा भर्ना गर्न थाले । नेपालका अन्य जातिले समेत भारतीय सेनामा भर्ना हुनु पर्दा थर ढाँटेर गुरुङ लेखाए पछि मात्रै भर्ना हुन पाउँथे । यसो हुँदा भारतबाट सहज आवतजावत हुन सक्ने स्थान ठोरीमा लाहुरे गुरुङहरूको थरबाट बस्तीको नामाकरण भएको हुन सक्छ ।

चितवनका धेरै स्थानका टोल बस्तीहरू गुरुङ समुदायको नाम वा थरहरूबाट राखिएका छन् । जस्तै, थरबाट ढिकुर नामको ठाउँ छ । गुरुङको नामबाट गुञ्जनगर आदी । ठोरी कै वडानं. १ स्थित एउटा गाउँ रोधीनगर (हाल रोजीनगर) गुरुङ शब्दबाट अपभ्रन्स हुँदै आएको पाईन्छ भने ठोरीको वडानं १ र वडनं. ३ मा गुरुङ बस्ती बाक्लै छ ।

आज भन्दा करिब ५२५ वर्ष पहिले अर्थात विक्रम सम्बतको पन्ध्रौ शताव्दीको अन्त्यतिर कास्कीको राजा जगतिखान शाहले गुरुङ राज्य आफ्नो कब्जामा लिए । यसको करिब ३ दशक पछि द्रव्य शाहले वि.स. १६१६ भद्रौ २५ गते विहिवार उपल्लो कोटका लिगलिगको घले गुरुङ राजालाई जितेर गोरखाको गद्दिमा बसे भने राम शाहले गुरुङ राज्य बारपाक, स्यारतान, अठारशय खोला र सल्यानलाई परास्त गरेर आफुले शासन चलाए ।

यसरी लगतार शाह बंशका तीन पुस्ताले गुरुङहरुको राज्य निर्मुल पारेपछि गुरुङहरु गण्डक राज्यबाट विस्थापित भई धादिङ, रुपन्देहि, काठमाण्डौ, चितवन, नवलपरासी, रसुवा, नुवाकोट गरी ४५ भन्दा वढि जिल्लाहरुमा बसाई सरे (गुरुङ ,बालकुमार, २०६७) । यसो हो भने आज भन्दा करिब चार सय बर्ष पहिले नै गुरुङ समुदाय चितवनको भूभागमा आइपुगेको हुनु पर्छ ।

राना काल र शाह बंशिय कालखण्डमा चितवनका प्रशासननिक महत्वपुर्ण जिम्मेवारीमा गुरुङहरुको उपस्थितीले पनि चितवनका लागि गुरुङ पुरानो जाति भएको पुष्टी गर्छ । तर तीन ताका चितवनको तराई मधेश क्षेत्रमा औलोको प्रकोपका कारण थारु जाति बाहेक अरुले टिक्न नसक्नु र गुरुङ समुदाय चितवनको पहाडतिरै रहेको अनुमान गर्न सकिन्छ । यो अवस्थमा गुरुङ जातीको थरबाट ठोरीको नामाकरण कसरी सम्भव छ भन्नेबारे खोज अनुसन्धान जरुरी छ ।

२.३ राजनीतिक अवस्थिति

मधेश प्रदेश अन्तर्गत पर्सा जिल्ला भित्रको १४ वटा स्थानीय तह मध्ये ठोरी गाउँपालिका नेपाल सरकारको मिति २०७३।११।२७ गतेको स्थानिय तह घोषणावाट साविक ठोरी, निर्मलबस्ती, सुबर्णपुर,महादेवपट्टि र सेढवा समेत पाँचवटा गा.वि.स लाई समेटेर सुबर्णपुर गाउँपालिका गठन भएको थियो । पछि मन्त्रीपरिषदको निर्णय अनुसार साविक ठोरी , निर्मलबस्ती र सुबर्णपुर तीन गा.वि.स. मात्र समेटेर ठोरी गाउँपालिका घोषणा भएको हो । ठोरी गाउँपालिकामा ५ वटा वडा कायम भई गाउँपालिकाको केन्द्र ठोरी वडा नं.-४ स्थित घ्याङ्ग डाँडामा छ । यो पालिका प्रतिनीधि सभा पर्सा निर्वाचन क्षेत्र नं. ४, प्रदेश सभा निर्वाचन क्षेत्र नं.४ क मा पर्छ ।

तालिका नं. १ : गाउँपालिकाको वडा विभाजन

नयाँ वडा नं.	समावेश गरिएका साविक गाविसहरू	साविक वडा नं.	क्षेत्रफल बर्ग किमी
१	ठोरी	१, २, ३, र ४	३६.२९
२	ठोरी	५, ६, ७, ८ र ९	३५.००
३	निर्मलबस्ती	१, २, ३ र ४	१५.४२
४	निर्मलबस्ती	५, ६, ७, र ८	१६.००
५	सुवर्णपुर	१, २, ३, ४, ५, ६, ७, ८ र ९	१६.००
जम्मा ५ वडा	तीनवटा गाउँपालिका	२७ वटा वडा	१२८.००

स्रोत: केन्द्रीय तथ्यांक विभाग

ध्यानाकर्षण: पालिकाको जम्मा क्षेत्रफल १२८ वर्ग किलो मिटर मध्ये वडा नं. १ को क्षेत्रफल नक्सानुसार ३६.२९ वर्ग कि.मी हो । तर हाल पालिकाको प्रशासनिक क्षेत्र पश्चिमी सीमा मानिएको अमुवा खोलासम्म उक्त क्षेत्रफल पुग्दैन । प्रदेश, जिल्ला तथा पालिकाको नक्सानुसार अमुवा खोला भन्दा पश्चिम तर्फ करिब २३.३८ वर्ग किलो मिटर ठोरी गाउँपालिकाको क्षेत्र पर्छ । अत हाल पालिकाको पश्चिमी सीमा भनिएको अमुवा खोलाबाट करिब सवा सात किलो मिटर पश्चिम तर्फ ठोरी गाउँपालिकाको पश्चिमी सीमाना रहेको देखिन्छ ।

नक्सा नं.६: गाउँपालिकाको वडा विभाजन, साविक गाविस र वडाहरू मधुरो पृष्ठभूमिमा . *स्रोत केन्द्रीय तथ्यांक विभाग*

२.४ धरातलीय अवस्थ

मुलुकको तराई क्षेत्र, मधेश प्रदेश अर्न्तगतको पर्सा जिल्ला स्थित ठोरी गाउँपालिका गाउँपालिका एउटा समतल धरातल स्वरुपमा रहेको छ .।

यस क्षेत्रमा धरातलीय हिसाबले अधिकांश भुभाग खेतीयोग्य क्षेत्रले ओगटेको छ . यस गाउँपालिकाभित्र साविकका ठोरी गाविस हाल ठोरी पालिका वडानं. १ र २ सुम्मेश्वर पर्वत र चुरे पहाडको मिलन विन्दुमा पर्ने भएकोले यहाँको जमिनको सतह केही अग्लो- होंचो छ भने सो संगै जोडिएको पूर्व तर्फ साविक निर्मलबस्ती गाविस १-४ हाल ठोरी गापा वडान ३ को आवाधि क्षेत्र चुरे फेदको जमिन हो ।

ठोरी गाउँपालिकाको धरातल

नक्सा नं. ७ गाउँपालिकाको धरातलिय अवस्थको चित्र

स्रोतः गुगल अर्थ

यहाँ थोरै अग्लो होचों र धेरै समथर भू-भाग छ । यहाँ समुद्री सतहबाट १२० मिटर देखि ३४० मिटरसम्म उचाई रहेका भूभागहरू छन् । पालिकाको सवै भन्दा होंचो स्थान वडानं. ५ स्थित चमरी टोल समुद्री सतहबाट १२० मिटरको उचाईमा छ भने सो भन्दा केही उचाईमा वडानं. ४ को मालीबस्ती १३० मिटर उचाईमा छ ।
त्यसैगरि पालिकाको सवै भन्दा उचाईमा वडानं. ३ स्थित मध्यवर्ती जंगलभित्र रहेको चिसोपानी मुहान डाँडा ३४० मिटर उचाईमा छ । दोस्रो उचाई वडानं. ३ कै परेवा भिर ३२० मिटर उचाईमा रहेको छ भने वडानं. २ स्थित रातो पहाड (गोले डाँडा) को उचाई समुद्री सतहबाट ३१० मिटर छ ।
पालिकाको आवादी क्षेत्रमा साविक निर्मलबस्ती वडानं. ५ देखि ९, हाल ठोरी-४ तथा साविक सुवर्णपुर गाविस, हाल ठोरी वडानं. ५ को क्षेत्र भने पुर्णरुपमा समथर धरातल छ ।.

२.५ प्रकृतिक सम्पदा

ठोरी गाउँपालिका प्रकृतिक सम्पदाले भरपुर पालिका हो । यहाँ नदि, खोला, पहाड, मुहान, वन-जंगल, निकुञ्ज, संरक्षीत क्षेत्र काठ, ढुंगा, गिट्टी बालुवा, जडिबुटि र प्रसस्त खेती योग्य भूमि छ । यसको संरक्षण, समुचित विकास, वैज्ञानिक उपयोग तथा व्यवस्थापन गर्न सके पालिका सम्पन्नता तर्फ लम्कने निश्चित छ ।

२.५.१ नदी, खोला, मुहान क्षेत्र :

ठोरी गाउँपालिकाका प्रया सवै नदि खोलाहरूमा मझौला र साना पानीको मुहान छ। त्यसैगरि अधिकाँश नदि खोलाहरू ढुङ्गा, गिट्टी, बालुवा युक्त छन्।

तालिका नं. २ गाउँपालिकामा रहेका प्रमुख नदी तथा खोलाहरू

नदि, खोलाहरूको नाम	ठेगाना	कैफियत
अमुवा खोला, झिंगे खोला, ढेंडु खोला, चिताह खोला	वडा नं. १	
डेंडु खोला, सरस्वता, ताल, ठुटे, जरायो, कधाई, धार्नी, व्यारेक खोला, बाघमारा	वडा नं. २	
ओडार खोला, शिकारीबास, राज, ढेंडु, गुह्ये खोला, इन्द्रवती, घाटगद्दी (घले), घुम्ती, बालुवा खोला	वडा नं. ३	
शिकारीबास खोला, विरे खोला, ओरिया खोला	वडा नं. ४	
ओरिया खोला, गुहिए खोला, लाटे गाँडे, चमरी खोला	वडा नं. ५	

स्रोत: स्थलगत भ्रमण

ठोरी गाउँपालिका स्थित नदि, खोलाहरू

नक्सा नं. ८ पालिका स्थित नदी खोलाहरू

स्रोत: गुगल अर्थ

२.५.२ चुचुरो, पहाड तथा डाँडाहरू

तालिका नं. ३ गाउँपालिका क्षेत्रमा रहेका प्रमुख पहाड तथा डाँडा, चुचुरोहरू

चुचुरो तथा डाँडा, पहाडहरूको नाम	ठगाना	कैफियत
सिनाई पर्वत	वडा नं. १	
रातो पहाड (गोले डाँडा)	वडा नं. २	
संसारी डाँडा	वडा नं. १/२	
सेतो पहाड (परेवा डाँडा)	वडा नं. ३	
चिसो पानी मुहान डाँडा (बेल डाँडा)	वडानं. ३	

स्रोत: स्थलगत भ्रमण

२.५.३ वनजंगल, निकुञ्ज, संरक्षीत क्षेत्र

तालिका नं. ४ : गाउँपालिका क्षेत्रमा पर्ने प्रमुख वनजंगल, निकुञ्ज, संरक्षण क्षेत्रहरूको विवरण

जंगलहरूको प्रकार	ठेगाना	कैफियत
चितवन राष्ट्रिय निकुञ्ज- संरक्षित क्षेत्र, मध्यवर्ती वन र सामुदायीक वन	वडा नं. १	
चितवन राष्ट्रिय निकुञ्ज- संरक्षित क्षेत्र, मध्यवर्ती वन र सामुदायीक वन	वडा नं. २	
चितवन राष्ट्रिय निकुञ्ज- संरक्षित क्षेत्र, मध्यवर्ती वन, सामुदायीक वन र धार्मिक वन	वडा नं. ३	
पर्सा राष्ट्रिय निकुञ्ज- संरक्षित क्षेत्र, मध्यवर्ती वन, सामुदायीक वन र बाघ संरक्षण क्षेत्र	वडा नं. ४	
पर्सा राष्ट्रिय निकुञ्ज- संरक्षित क्षेत्र, मध्यवर्ती वन र सामुदायीक वन	वडा नं. ५	

स्रोत राष्ट्रि निकुञ्ज विभाग

२.५.४ खेतीयोग्य जमिन

तालिका नं. ५ जम्मा क्षेत्रफल मध्ये खेती योग्य जमिन र अन्य प्रकारका जमिनको विवरण, वर्ग किलो मिटरमा

वडा नं.	जम्मा क्षेत्रफल	वन जंगल	आवादी	खेतीयोग्य जमिन	आवासिय क्षेत्र	अन्य क्षेत्र	कैफियत
१	३६.२९	५.४३	७.४७	३.१५	१.८५	२.४७	वडा नं १ को क्षेत्रफल मध्ये २३.३८ वर्ग कि मि जमिन, यस पालिकाको हक भोगमा नदेखिएको
२	३५.००	२६.८८	८.१२	४.१२	१.९०	२.१०	
३	२४.७१	१५.४२	९.२९	६.२५	२.००	१.०४	
४	१६.००	०.५७	१५.४३	१०.००	४.००	१.४३	
५	१६.००	८.३०	७.७०	४.२०	२.००	१.५०	
जम्मा	१२८	५६.६०	४८.०१	२७.७२	११.७५	८.५४	२३.३८

स्रोत: घर परिवार सर्वेक्षण २०७८

२.६ साँस्कृतिक उत्कृष्ठता

हिन्दु धर्मावलम्वीहरूको बाहुल्यता रहेको यस गाउँपालिकामा अपनाइने प्रमुख संस्कार कुल पुजा, गोठ पुजा, ब्रतवन्ध, बेल विवाह, गुफा, विवाह, चारदाम, काजकृया, वार्षिकी, न्वारन, छेवार, घेवा, सराद्ध, सोह्रस्राद्ध औशि, पूर्णिमा, सक्रान्ति, मसान्त, नयाँ बर्ष, सत्यनारायणको पुजा, एकाह, होमहोमादी, यज्ञ, सप्ताह, रुद्रीपाठ, मलमास, सूर्य ग्रहण, चन्द्र ग्रहण, आदि रहेका छन् ।

परम्परागत संस्कृतिमा आधारित असारे गीत, तीज गीत, देउसी-भैलो गीत, झ्याउरे, दोहोरी गीत, तामाङ्ग सेलो आदि यस गाउँपालिकामा सर्वाधिक लोकप्रिय छन् ।

बुद्ध जयन्ती, सोनाम ल्होसार, असार १५, नागपञ्चमी, ऋषितर्पणी, बडा दशैँ, तिहार, माघे संक्रान्ति, साउने संक्रान्ति, फागु पूर्णिमा (होली), ठूलो एकादशी, म्ह पुजा, कृष्ण अष्टमी, स्वस्थानी ब्रत, राम नवामी, तीज, रक्षाबन्धन, छठ, क्रिशमस, शिवरात्री, श्री पञ्चमी, बालाचतुर्दशी, योमरी पुन्हीः, आमाको मुख हेर्ने औंशी, बाबुको मुख हेर्ने दिन, सिथी नःख, गुरु पुर्णे आदी विशेष महत्वको साथ यहाँका बासिन्दाले मनाउने मुख्य पर्वहरू हुन् ।

यस गाउँपालिकामा विभिन्न जाती, धर्म सम्प्रदाय र भेषभुषाको मानिसहरू बसोबास गर्दछन् । यहाँका विभिन्न जातजति मध्ये सबैभन्दा धेरै अर्थात झण्डै ६६ प्रतिशत हिन्दुधर्मलम्वीहरु र दोस्रो धेरै जनसंख्य बौद्धधर्मलम्बीहरू ३० प्रतिशत रहेको छन् । सबै जातजाती र सम्प्रदायको आ- आफ्नै खाले धर्म संस्कृति र चालचलनहरू छन् । यहाँको परम्परागत भेषभूषामा महिलाले फरिया, चोलो, चौबन्दी तथा पुरुषले कमिज सुरुवाल, धोती, दौरा, सुरुवाल लगाउँछन् । महिलाले गहनाको रुपमा पोते, चुँरा, धागो, ढुंग्री, मारवारी, तिलहरी, सिक्री, चेप्टे सुन मुंग माला, कम्पनीमाला, नाकमा फुली, बुलाकीलगायत परम्परागत गहना लगाउँछन । पछिल्लो पुस्ताका महिलाहरूले रिङ्ग, टप, बाला, लकेट पनि लगाउने गरेकाछन् ।

क्षेत्री, बाहुन, कामी, दमाई आदि पुरुषले कमिज- सुरुवाल, धोति-सुरुवाल लगाउँछन् । त्यसैगरि ढाका टोपी, भक्तपुरे टोपी लगाउने, गम्छा गुथने चलन छ । थारु, तामाङ्गलगायतका, नेवार, राई, गुरुङ्ग, मगरलगायतका आदिवासी जनजातीले आ-आफ्नो जातीय तथा परम्परागत पोशाक पनि लगाउने गरेकाछन् । सवै जातजातिमा आधुनिक समय र सामाजिक सञ्जालको प्रभाव परेको छ । युवा, युवतीहरू पैन्ट, शर्ट, कुर्ता, सलवार, लेहेङ्गा, टिसर्टलगायत आयतीत फेसन पनि लगाउन रुचाउँछन् । गाउँपालिकामा रहेका जातजातीहरूको रहनसहन र संस्कृति पालिकाको गहनाको रुपमा रहेका छन् ।

२.७ विकासका सम्भावनाहरू

वन जंगल तथा नदि खोला प्रयप्त हुनाले पानीको मुल साथै महत्वपुर्ण निर्माण सामाग्रीहरू नदिजन्य पदार्थको उलब्धता रहेको यस पालिकामा डाँडा-पहाड, राष्ट्रिय निकुञ्ज, संरक्षित क्षेत्रका साथै लोपोन्मुख चेपाङलगायत विभिन्न जातजाती, धर्म-संस्कृति र धार्मिक तथा ऐतिहासिक स्थलहरू रहेकाले पर्याटन विकासको प्रसस्त सम्भावना छ । यहाँ कृषियोग्य उर्वरा भूमि, छोटी भन्सार कार्यालय, भूमिगत जलस्रोत छ । बर्ष भरिनै कृषि फसल उत्पादन गर्न सकिने ठोरी गाउँपालिकामा प्रया सवै किसिममा पशुपंक्षी पालन एवं फलफूल तथा जडिबुटी खेती सफल देखिएका छन् ।

पालिकाका सवै वडाहरूमा राष्ट्रिय गौरवका महत्वपुर्ण परियोजना हुलाकी सडकको पहुँच अधिकाँश टोलहरूमा विजुली र दुर सञ्चारको पहुँच रहेकाले साना तथा घरेलु उद्योगहरू सञ्चालनका साथै विकासको उच्च सम्भावना छ । यी सवै पक्षको संरक्षण, सम्बर्धन विकास तथा समुचित संयोजन र व्यवस्थापन एवं बैज्ञानिक उपयोग गर्न सके सुखी, सम्पन्न पालिकाको रुपमा स्थापीत हुन समय लाग्दैन ।

.

गाउँपालिका क्षेत्रमा रहेका पानीको मुहानबाट मेगा खानेपानी आयोजना मार्फत स्थायी रुपमा 'एक घर एक धारा' वितरण गर्ने र मुहानको पानीबाट सम्भव नभएको क्षेत्रमा भूमिगत पानीको बोरिङ्ग जडान गरि ओभर हेड ट्याङ्की निर्माण गरेर खानेपानी वितरण गरिएमा हाल पालिकामा क्षेत्रमा देखिएको खानेपानीको समस्य समाधान हुन सक्छ । यसले सिंचाई सेवामा समेत टेवा पुऱ्याउने छ ।

गाउँपालिका क्षेत्रभित्र रहेका पानीको श्रोत तथा नालाहरूबाट आधुनिक कुलो तथा नहर मार्फत सिंचाई गरी व्यवसायिक रुपमा खेती गर्न सके कृषि उत्पादनमा उल्लेखनीय बृद्धि हुन सक्छ । .

यस गाउँपालिका क्षेत्रमा आन्तरिक तथा बाह्यि पर्याटक आकर्षित गर्न सक्ने प्रकृतिक, सांस्कृतिक, धार्मिक, एवं सामाजिक आधारहरू प्रसस्त रहेकाले पर्याटन प्रवर्धन पूर्वाधार तयार गरि अगाडि बढदा सफलता हात लाग्ने देखिन्छ । .

स्थानीय टोल-टोलमा पुगेको कच्ची सडकको स्तर वृद्धि गरी कालोपत्रे गरि स्थानीय वासिन्दाले भरपुर सुविधा लिनुको साथै जीवनस्तरको स्तरोन्नती र समग्र गाउँपालिकाको सुन्दरतामा वृद्धि हुन सक्छ। .

तरकारी, पशुपालन तथा अन्य कृषि उत्पादनको बजारको लागि छिमेकी ठूलो उपभोक्ता बजारहरू वीरगंज, नारायणघाट, सीमरा, हेटौंडा पठाउन सकिने देखिएकाले कृषि उत्पादन तर्फ जोड दिनु पर्छ। .

कृषिमा विशेष गरि तरकारी खेती, दुध उत्पादन, पशुपालन, माहुरी पालन, कुखुरा पालन, माछा पालन, बागबानी, जडिबुटी खेती यस क्षेत्रमा सम्भावना बढि छ। कुखुरा पालनको लागि भने पहिले भूमिगत जलस्रोत तथा सुद्ध पानीको व्यवःथा जरुरी छ।

यस गाउँपालिका क्षेत्र बेत, बाँस, वनपैदावर, जडिबुटी, कृषि र नदिजन्य पदार्थसंग सम्बन्धीत उद्योग सञ्चालनका लागि अति उत्तम स्थान हो। यहाँ अन्य उद्योग तथा कलकारखाना सञ्चालन गर्न सके स्थानीय स्तरमा रोजगारी वृद्धि गर्नसक्ने प्रशस्त सम्भावना देखिन्छ। .

भारत विहारका राज्यका दर्जनौ सीमावर्ती बजार साथै प्रमुख शरहरहरू नरकटियागंज, पटना, बेतिया, मुजफफरपुर नजिक तथा सहज सम्पर्कमा रहेका र ठोरीमा छोटी भन्सार समेत भएकोले भारतीय सामाग्री नेपाल आयत र नेपाली उत्पादन भारत निर्यात विन्दुको रुपमा ठोरीलाई विकास गर्न सकिन्छ। यसको निम्ती भारत तर्फको भन्सार विन्दु व्यवथित गराउन र नेपाल तर्फ भन्सारको अधिकार दायरा पाँच हजार मुल्य दायराबाट बृद्धि गरि समयअनुसार न्योयोचित रुपमा दायरा निर्धारण गर्न संघिय सरकारको ध्यानाकर्षन गराउनु पर्ने आवश्यकता छ।.

२.८ गार्हस्थ्य उत्पादन

तालिका नं.६, ठोरी गाउँपालिकाको कुल ग्राहर्स्थ उत्पादनको अवस्थ

क्र.सं.	विवरण	प्रतिशत
१	कृषि तथा वन	२८.०८
२	मत्स्यपालन	०.५७
३	खानी तथा उत्खनन्	०.५५
४	उद्योग	५.०९
५	विद्युत, ग्याँस तथा पानी	१.४१
६	निर्माण	७.२३
७	थोक तथा खुद्र व्यापार	१३.८९
८	होटल तथा रेष्टुरेन्ट	१.४१
९	यातायात संचार तथा भण्डारण	६.४२
१०	वित्तिय मध्यस्थता	६.६२
११	रियल स्टेट सेन्टिं तथा व्यवासायीक सेवा	११.८५
१२	सार्वजनिक प्रशासन तथा रक्षा	३.१७
१३	शिक्षा	७.६७
१४	स्वास्थ्य तथा सामाजिक कार्य	१.८६
१५	अन्य सामुदायीक, सामाजिक तथा व्यक्तिगत सेवा	५.१२
	जम्मा	१००.००

स्रोत: केन्द्रीय तथ्यांक विभागको राष्ट्रिय लेखा तथ्यांक आव २०७६/७७ बाट सामान्यीकरण गरिएको।

२.९ मानव विकास सूचकाङ्क

ठोरी गाउँपालिकाको मानव विकास सूचकाँङ्क तालिका नं. ७

१	गरिबीको रेखा मुनि	प्रतिशत	१२.००
२	५ बर्ष मुनि कुपोषणबाट ग्रसित बालबालिका	प्रतिशत	३७.२०
३	प्रतिव्यक्ति आयु	सरदर	७०.२५ बर्ष
४	४० बर्ष भन्दा कम आयु हुने जनसंख्या	प्रतिशत	५.३०
५	प्रतिव्यक्ति आय बार्षिक	नेपालीको ९४० डलर	ठोरीको ८४५०५नेरु (६९३ डलर)
६	आर्थिक सुविधाबाट बञ्चित जनसंख्या	प्रतिशत	३२.५०
७	सुरक्षित पिउनेपानीबाट बञ्चित जनसंख्या	प्रतिशत	१७.०७
८	पौढ साक्षरता	प्रतिशत	६०.१०
९	बेरोजगार	प्रतिशत	१३.००

स्रोत- नेपालमा मानव विकास प्रतिवेदन २०१४ तथा गरिबीको लघु क्षेत्र अनुमान २०६८ मा पर्सा जिल्लाको हकमा औंल्याइएका तथ्याहरूलाई यस ठोरी गाउँपालिकाको सन्दर्भमा पनि सामान्यीकरण गरिनुका साथै घरदैलो सर्वेक्षण २०७८ लाई समेत आधार मानिएको छ। पर्सा जिल्लाको मानव विकास सुचकाँङ्क AM विधी ०.५२२ र GM विधी ०.४६४ हो। त्यसैगरि आयु सुचकाँङ्क ०.७५४ एवं प्रतिव्यक्ति आय सुचकाँङ्क ०.४१८ रहेको छ।

पुनश्च : संघिय सरकार अर्धमन्त्रलयको आर्थिक सर्वेक्षण अनुसार आव २०७८/७९ मा मुलुकका सरदर प्रति व्यक्ति आम्दानी १४५२३८ रुपैयाँ (१११९ अमेरिकी डलर) छ। यसरी हेर्दा ठोरी पालिकाको प्रतिव्यक्ति आम्दानी राष्ट्रिय दरमा पुग्न सकेको छैन।

त्यसैगरि विश्ववैंकले गरेको अध्यायन अनुसार दैनिक १.९० डलर अर्थात बार्षिक ६९३.५ डलर सम्म खर्च गर्ने क्षमता नहुनुलाई चरम गरिबीको रेखा मानेको छ। त्यसैले यसलाई अन्तराष्ट्रिय गरिबीको रेखाको मान्यता दिइएको छ। तर नेपालको एक दशक पुरानो सर्वेक्षणले भने प्रतिव्यक्ति गरिबी रेखा सालाखाला प्रतिवर्ष १९ हजार २६१ रुपैयाँ तोकिएको छ। जसमा खाद्य गरिबीको रेखा ११ हजार ९२९ छ भने गैर-खाद्य गरिबीको रेखा ७ हजार ३३२ रहेको छ। नेपालमा कुल मिलाएर २५ प्रतिशत जनसंख्या गरिबीको रेखामुनी परेको उक्त सर्वेक्षणले बताउँछ। ठोरी पालिकामा नेपालकै मापदण्ड अनुसार पनि १२ प्रतिशत जनसंख्या गरिबीको रेखा मुनि देखिएको हो।

परिच्छेद- ३: पारिवारिक विवरण तथा जनसंख्याको अवस्थ

३.१ बस्ती र घर परिवार विवरण

ठोरी गाउँपालिकाको वडागत क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण तालिका नं. ८

वडा		जनसंख्या			परिवार संख्या	आवादी क्षेत्रफल	प्रति बर्ग कि.मी जनघनत्व	औषत परिवार आकार	लैङ्गिक अनुपात
	पुरूष	महिला	तेस्रो लिङ्गी	जम्मा					
१	१७९८	१९५१	०	३७४९	८०२	७.४७	५०१.४७	४.६	९२.१५
२	१९८२	२१५८	०	४१४०	९६०	८.१२	५०९.८५	४.३	९१.८४
३	२२२०	२४०५	१	४६२६	११३१	९.२९	४९७.९५	४.१	९२.३०
४	२९६०	३२१७	०	६१७७	१४२८	१५.४३	४००.३२	४.३३	९२.००
५	१८३९	१९९८	०	३८३७	९७२	७.७०	४९८.३१	४.००	९२.०४
जम्मा	१०७९९	११७२९	१	२२५२९	५२९३	४८.०१	४६९.२५	४.२६	९२.०७

स्रोत: गाउँपालिका घरधुरी तथ्याांक संकलन, २०७८

ठोरी गाउँपालिकामा वडागत जनसंख्याको तुलनात्मक विश्लेशन गर्दा सवै भन्दा धेरै जनसंख्या भएको वडानं. ४ हो। पालिकाको जम्मा जनसंख्या २२५५९ मध्ये वडानं. ४ को जनसंख्या ६१७७ छ। पालिकाका पाँचवटा वडामध्ये सवै भन्दा थोरै जनसंख्य वडा न १ मा ३७४९ छ।

पालिकाको जम्मा जनसंख्यामध्ये पुरुषको संख्या १०९३७, महिलाको संख्य ११५९१ र तेस्रो लिंगीको संख्या १ देखिन्छ। पालिकाको लैंगिक अनुपात ९४.३५ अर्थात १०० जना महिलामा ९४.३५ जना पुरुष छ।

यस पालिकाको जनघनत्व प्रति वर्ग किलोमिटर ४६९.२५ जना छ। पाँचवटा वडामध्ये सवै भन्दा कम जनघनत्व वडानं. ४ मा छ। यहाँ प्रति वर्ग किलो मिटर ४००.३२ छ भने सवै भन्दा बढि वडा नं. २ मा प्रति वर्ग किलोमिटर ५०९.८५ जना रहेको छ।

वडागतरुपमा जनसंख्याको लैङ्गीक अनुपात

वडागत रुपमा जनससंख्याको लैङगीक अनुनपात पुरुषको भन्दा महिलाको बढि छ । समग्रमा पालिकाको जनसंख्या पुरुषको भन्दा महिलाको बढि रहेकोले यसो भएको हो । तेस्रो लिंगीको संख्या पालिका भरमा नै एक जना मात्रै पाइएकोले यो संख्या नगण्या मात्रमा रहेको मान्न सकिन्छ ।

३.२ जनसंख्या वितरणको अवस्था

३.२.१ जनसंख्या वितरणको अवस्था

तालिका नं. ९ जनसंख्या वितरणको अवस्थ

विवरण	वि.सं. २०७८	
अक्सर बसोवास गर्ने जनसंख्या	पुरुष	८४२० (४६ %)
	महिला	९९३८ (५४ %)
	तेस्रो लिंगी	१ (०.००५४ %)
	जम्मा जनसंख्या	१८३५९
आँशिक बसोवपास गर्ने जनसंख्या	पुरुष	१३१८ (४७ %)
	महिला	१५१० (५३ %)
	जम्मा	२८२८
	पुरुष	१०६१ (७९ %)

अनुपस्थित जनसंख्या (बैदेशिक रोजगारीमा रहेकाहरू)	महिला	२८१ (१९ %)
	तेस्रो लिङ्गी	०
	जम्मा	१३४२
पलिकाको जम्मा जनसंख्या		२२५२९
पलिकाको लैंगिक अनुपात		९२.०७
जम्मा परिवार संख्या		५२९३
जम्मा घर संख्या		४४१०
घर संख्या र परिवार संख्याको अनुपात		१०० घरमा १२० परिवार
औषत परिवार आकार (प्रतिपरिवार)		४.२६
जनघनत्व (प्रति वर्ग कि.मी.)		४६९.२५
मानिस अन्यत्र रहेकाले खाली घर संख्या		४७२

स्रोत : गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०७८

यस ठोरी गाउँपलिकाको जम्मा जनसंख्या २२५२९ छ । यो संख्या राष्ट्रिय जनगणना २०६८ को भन्दा २१३२ जना बढि हो । अर्थात राष्ट्रिय जनगणना २०६८ को जनसंख्या २०३९७ लाई आधार मान्दा पालिका घरधुरी सर्वेक्षण २०७८ दश वर्षको अवधिमा ९.५ प्रतिशत बृद्धि हो । यसरी बृद्धि रहेको भएता पनि यस पालिकामा अक्सर बसोवास गर्ने जनसंख्या भने कम देखिएको छ ।

गणनाको अवधिमा उपलब्ध जनसंख्या १८३५९ मात्रै छ । कुल जनसंख्या २२५२७ मध्ये आंशिक बसोवास जनसंख्या २८२८ छ । यो संख्याको घर, जग्गा वा सगोल घर यहीं छ तर उनीहरूको परिवारै अन्यत्र बस्छन् । उनीहरू एक वर्ष देखि पाँच बर्षको विचमा वा विशेष काम पर्दा मात्रै पालिकामा आउने गरेका छन् । कतिपयले घर, जग्गा पनि अन्यत्र जोडी सकेका छन् । फेरी पनि यस पालिकामा रहेका घर जग्गा वा सगोल सम्पतीबाट अधिकार छाडेका छैनन् ।

ठोरी पालिका क्षेत्रमा रहेको जम्मा ४४१० घर संख्यामा ४७२ वटा घर खाली वा बन्द अवस्थमा पाइएका छन् । त्यसैगरि कुल जनसंख्याको १३४२ (६ प्रतिशत) छ । उनीहरू अधिकाँश बैदेशिक रोजगारीमा छन् भने उनीहरूको परिवारजनका सदस्य, घरधुरी सर्वेक्षणको क्रममा घरैमा फेला परेका छन् । राष्ट्रिय जनगणना २०७८ को प्ररम्भिक नतिजा अनुसार हाम्रो मुलुकको जनसंख्या बृद्धिदर १०.१८ प्रतिशत छ । अनुपस्थित अर्थात बैदेशिक रोजगारीमा रहेको जनसंख्या ७.४ प्रतिशत हो । मुलुकको दाँजोमा यस पालिकाको अनुपस्थित जनसंख्या एक प्रतिशतले कम देखिएको छ ।

३.२.२ अक्सर बसोवास, अनुपस्थित र आँशिक बसोवास जनसंख्या विवरण

तालिका नं. १० : वडागत अनुपस्थित सहितको जनसंख्या लैंङ्गिक आधारमा

वडा	जम्मा जनसंख्या	अक्सर बसोवास गर्ने जनसंख्या				अनुपस्थित जनसंख्या			आँशिक बसोवास जनसंख्या			
		पुरूष	महिला	तेस्रोलिङ्गी	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	तेस्रो लिङ्गी	जम्मा
१	३७४९	१४२७ (४८%)	१५४२ (५२%)	०	२९६९	२३४ (८०%)	५९ (२०%)	२९३	२३९ (४९%)	२४८ (५१%)	०	४८७
२	४१४०	१६२८ (४८.५%)	१७२८ (५१.५%)	०	३३५६	२१९ (८१%)	५२ (१९%)	२७१	२४६ (४८%)	२६७ (५२%)	०	५१३

३	४६२६	१८१५ (४८.१%)	१९३६ (५१.७%)	१ (०.०२%)	३७५१	२२७ (८३%)	४७ (१७%)	२७४	२८८ (४८%)	३१३ (५२%)	०	६०१
४	६१७७	२५५७ (४९.७%)	२५८८ (५०.३%)	०	५१४५	२३३ (८०%)	५८ (२०%)	२९१	३७८ (५१.%)	३६३ (४९%)	०	७४१
५	३८३७	१४९१ (४७.५%)	१६४७ (५२.५%)	०	३१३८	१४८ (७९%)	६५ (३१%)	२१३	२३७ (५०%)	२४९ (५०%)	०	४८६
जम्मा	२२५२९	८९१८ (४९%)	९४४१ (५१%)	१ (०.००५%)	१८३५९	१०६१ (७९%)	२८१ (२१%)	१३४२	१३८८ (४९%)	१४४० (५१%)	०	२८२८

स्रोत : गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०७८

तालिका नं. ११ : गाउँपालिकामा अक्सर बसोवास, अनुपस्थित र आँशिक बसोवासको वडागत विवरण प्रतिशत

वडा नम्बर	वडाको जनसंख्या	अक्सर बसोवास	अनुपस्थित	आँशिक बसोवास	पालिकाको जनसंख्यामा वडाको प्रतिशत	घर संख्या र प्रतिशत
१	३७४९	२९६९ (७९ %)	२९३ (८ %)	४८७ (१३ %)	१७ %	६६८ (१५ %)
२	४१४०	३३५६ (८१ %)	२७१ (७ %)	५१३ (१२ %)	१८ %	८०० (१८ %)
३	४६२६	३७५१ (८१ %)	२७४ (६ %)	६०१ (१३ %)	२१ %	९४२ (२१ %)
४	६१७७	५१४५ (८३ %)	२९१ (५ %)	७४१ (१२ %)	२७ %	११९० (२७ %)
५	३८३७	३१३८ (८२ %)	२१३ (६ %)	४८६ (१२%)	१७ %	८१० (१९ %)
१-५ को जम्मा	२२५२९	१८३५९ (८१%)	१३४२ (६%)	२८२८(१३%)	१०० %	४४१० (१०० %)

स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७८

पुनश्चः अनुपस्थित जनसंख्या : घर परिवार सर्वेक्षण तथा गणनाको बेला बैदेशिक रोजगारीमा रहेका र आउँदो छ महिनासम्म घर फर्कने अवस्था नरहेका सदस्याहरूलाई अनुपस्थित जनसंख्याको सुचिमा राखिएको छ ।

आँशिक उपस्थित जनसंख्या : वितेको कम्तिमा पाँच बर्ष देखि घरमा अति कम उस्थित रहने, यहाँ घर वा जग्गा जमिन रहे पनि परिवार सहित अन्यत्र बस्ने परिवार तथा सदस्यलाई आँशिक उपस्थितीको सुचिमा राखिएको छ ।

३.३ उमेर तथा लिङ्गको आधारमा जनसंख्या विवरण

३.३, १ : पालिकाको कुल जनसंख्या २२५२९ मध्ये उमेर समूह अनुसार वडागत जनसंख्य विवरण

तालिका नं १२ उमेर समुहको आधारमा जनसंख्या

वडा नम्बर	उमेर समूह													
	०-४ बर्ष	५-९ बर्ष	१०-१४ वर्ष	१५-१९ वर्ष	२०-२४ वर्ष	२५-२९वर्ष	३०-३४ वर्ष	३५-३९ वर्ष	४०-४४ वर्ष	४५-४९ वर्ष	५०-५४ वर्ष	५५-५९ वर्ष	६०-६५ वर्ष	६५
१	२०६	२७०	३१३	३६८	४१६	३६६	२९५	२७९	२१८	२०२	२०३	१५०	१२५	
२	२३५	२९५	३४६	४०६	४६१	४१७	३२७	२८९	२४२	२२३	२२३	१६३	१३१	१
३	२४७	३३०	३४२	४३९	५३७	४९५	३८०	२९९	२६०	२४५	२५३	१९३	१८६	१
४	३०१	३९७	४५८	५८२	७१८	६५७	५२७	४१८	३४५	३४८	३३८	२५६	२४७	२
५	२३५	२९७	२३२	३६६	४३८	४०७	३०६	२५८	२०१	२०४	१९२	२१२	१४४	१
जम्मा	**१२२४**	**१५८९**	**१६९१**	**२१६१**	**२५७०**	**२३४२**	**१८३५**	**१५४३**	**१२६६**	**१२२२**	**१२०९**	**९७४**	**८३३**	**६**
प्रतिशत	५.४२	७.०	७.५०	९.५९	११.४०	१०.३९	९.१५	५.९४	५.५१	५.४२	५.२५	४.३२	३.६९	३

स्रोत : घरधुरी तथ्यांक संकलन २०७८

ठोरी गाउँपालिकामा रहेको कुल जनसंख्या २२५२९ मध्ये ० देखि ४ बर्ष उमेर समूहका बालबालिकाहरूको संख्या १२२४ अर्थात ५.४२ प्रतिशत छ। त्यसैगरि ५ देखि ९ बर्ष उमेर समूहमा १५८९ (७.० प्रतिशत) र १० देखि १४ बर्ष उमेर समूहका वालवालिकाको संख्या १६९१ (७.५० प्रतिशत) रहेको छ। त्यसैगरि ७० देखि ७४ बर्ष उमेर समूहका ज्येष्ठ नागरिकको जनसंख्या ५९३ (२.६३ प्रतिशत) छ भने ७५ बर्ष माथि उमेर समूहका ज्येष्ठ नागरिकको संख्या ७७८ जना अर्थात ३.४५ प्रतिशत रहेको छ।

उमेर समूहमध्ये सवै भन्दा बढि २० देखि २४ बर्ष उमेरका युवाहरूको संख्या छ। यो जनसंख्या ११.४० प्रतिशत अर्थात २५७० जना छ। दोस्रो ठुलो स्थान २५ देखि २९ बर्ष उमेर समूहको छ। यो संख्या २३४२ (१०.३९ प्रतिशत) छ। जनसंख्याको तेस्रो ठुलो भाग १५ देखि १९ बर्ष उमेर समूहले ओगटेको छ। यो संख्या २१६१ अर्थात ९.५९ प्रतिशत छ।

३.३,२, लिङ्ग अनुसार उमेर समूहको जनसंख्या विवरण

तालिका नं. १३ लिङ्ग अनुसार उमेर समूहको आधारमा जनसंख्या

वडा		०-४ वर्ष	५-९ वर्ष	१०-१४ वर्ष	१५-१९ वर्ष	२० - २४ वर्ष	२५- २९ वर्ष	३०-३४ वर्ष	३५-३९ वर्ष	४०-४४ वर्ष	४५-४९ वर्ष	५०-५४ वर्ष	५५-५९ वर्ष	६०-६४ वर्ष	६५-६९ वर्ष	७०-७४ वर्ष	७५ वर्ष देखि माथि	जम्मा
१	पुरूष	९९	१३२	१४७	१७७	२०४	१७५	१३९	१३४	१०४	९७	९५	७२	६१	५०	४९	६३	१७९८
	महिला	१०७	१३८	१६६	१९१	२१२	१९१	१५६	१४५	११४	१०५	१०८	७८	६४	५४	५३	७०	१९५१
	जम्मा	२०६	२७०	३१३	३६८	४१६	३६६	२९५	२७९	२१८	२०२	२०३	१५०	१२५	१०४	१०२	१३२	**३७४९**
२	पुरूष	११०	१४४	१६५	१९३	२१७	२०३	१६०	१३५	११५	१०५	१०९	७७	६४	५४	५५	७६	१९८२
	महिला	१२५	१५१	१७९	२१३	२४४	२१४	१६७	१५४	१२७	११८	११४	८६	६७	६१	५८	७९	२१५८
	जम्मा	२३५	२९५	३४४	४०६	४६१	४१७	३२७	२८९	२४२	२२३	२२३	१६३	१३१	११५	११३	१५५	**४१४०**
३	पुरूष	११६	१५८	१६४	२१५	२५१	२४३	१८२	१४१	१२५	१२०	११९	९५	८९	६७	६०	७५	२२२०
	महिला तेस्रो लिंगी	१३१	१७२	१७८	२२४	२८५ १	२५२	१९८	१५८	१३५	१२५	१३४	९८	९७	७३	६४	८१	२४०५ १
	जम्मा	२४७	३३०	३४२	४३९	५३७	४९५	३८०	२९९	२६०	२४५	२५३	१९३	१८६	१४०	१२४	१५६	**४६२६**
४	पुरूष	१४१	१९५	२१९	२७९	३४५	३०९	२५८	२०१	१६२	१६७	१६२	१२३	१२१	९७	८१	१००	२९६०
	महिला	१६०	२०२	२३९	३०३	३७३	३४८	२६९	२१७	१८३	१८१	१७६	१३३	१२६	११०	८४	११३	३२१७
	जम्मा	३०१	३९७	४५८	५८२	७१८	६५७	५२७	४१८	३४५	३४८	३३८	२५६	२४७	२०७	१६५	२१३	**६१७७**
५	पुरूष	११०	१४६	१११	१७६	२१०	१९१	१४७	१२४	९८	९८	९२	१०२	६९	६३	४३	५९	१८३९
	महिला	१२५	१५१	१२१	१९०	२२८	२१६	१५९	१३४	१०३	१०६	१००	११०	७५	७०	४७	६३	१९९८
	जम्मा	२३५	२९७	२३२	३६६	४३८	४०७	३०६	२५८	२०१	२०४	१९२	२१२	१४४	१३३	९०	१२२	**३८३७**
जम्मा	**पुरूष**	**५७६**	**७७५**	**८०६**	**१०४०**	**१२२७**	**११२१**	**८८६**	**७३५**	**६०४**	**५८७**	**५७७**	**४६९**	**४०४**	**३३१**	**२८८**	**३७३**	**१०७९९**
	महिला	**६४८**	**८१४**	**८८३**	**११२१**	**१३४२**	**१२२१**	**९४९**	**८०८**	**६६२**	**६३५**	**६३२**	**५०५**	**४२९**	**३६८**	**३०६**	**४०६**	**११७२९**
	तेस्रो लिंगी	**०**	**०**	**०**	**०**	**१**	**०**	**०**	**०**	**०**	**०**	**०**	**०**	**०**	**०**	**०**	**०**	**१**
	जम्मा	**१२२४**	**१५८९**	**१६८९**	**२१६१**	**२५७०**	**२३४२**	**१८३५**	**१५४३**	**१२६६**	**१२२२**	**१२०९**	**९७४**	**८३३**	**६९९**	**५९४**	**७७९**	**२२५२९**

स्रोत: घरधुरी तथ्यांक संकलन २०७८

ठोरी गाउँपालिकाको जनसंख्या पिरामिड

जनसंख्या मिरामिड अनुसार ठोरी गाउँपालिका क्षेत्रमा जनसंख्या बृद्धिदर घटदो क्रममा देखिएको छ । यहाँ हाल २० देखि २४ बर्ष उमेर समुहका जनसंख्याको बाहुल्याता देखिएको छ । यसले अब करिब दुई दशकसम्मका लागि ठोरी गाउँपालिकामा काम गर्न सक्ने युवा जनसंख्यको बाहुल्यता रहने भएकोले पालिकाले उन्नती गर्न सक्ने अवधि यही देखिन्छ । त्यस पछि पालिकामा प्रौढहरूको बाहुल्यता सुरु हुने देखिन्छ ।

यती बेला २० देखि २४ बर्ष उमेर समुहका युवा जनशक्तीको बाहुल्यता देखिए पनि अधिकाँश युवक युवती विद्यालय तथा उच्च शिक्षा अध्यायनको क्रममा रहेकाले श्रम लगानी भइनसकेको अवस्था छ ।

३.४ मातृ भाषाको आधारमा जनसंख्या विवरण

मातृभाषा अनुसार जनसंख्याको तुलनात्मक अध्ययन गर्दा यस गाउँपालिकामा नेपाली भाषा बोल्नेहरूको संख्या सबैभन्दा बढी अर्थात १५३५७ (६८ प्रतिशत) रहेको देखिन्छ । दोस्रोमा तामाङ्ग भाषा बोल्नेको संख्या २६ प्रतिशत र तेस्रो स्थानमा थारु भाषा बोल्नेको संख्या २ प्रतिशत छ । त्यसैगरि अन्या भाषा भाषीहरू पनि पालिकामा रहेका छन् यसलाई वडागत रुपमा विस्तृत विवरण तालिकामा उल्लेख छ ।

तालिका नं. १४ मातृ भाषाको आधारमा जनसंख्या

मातृभाषा	वडा नं.					जम्मा	प्रतिशत	कैफियत
	१	२	३	४	५			
नेपाली	३६०२	३८२२	३५०५	२३०२	२१२६	१५३५७	६८	
तामाङ	१५	८८	८१३	३७४६	११२०	५७८२	२६	
थारू	४	१०९	१६०	२	२७५	५५०	२	
भोजपुरी	४	१५	३०	१२	२१२	२७३	१	
नेवारी	०	१३	५०	१०१	८०	२४४	१	अधिकाँश आँशिक बसोवासी
सुनुवार	०	६	०	०	६	१२	०.०५	
मगर	६५	५७	१९	७	७	१५५	०.७	आँशिक बसोबास
उर्दू	०	०	१	०	१	२	०.००९	
गुरूङ	४५	५	३१	०	०	८१	०.३६	
डोटेली	४	६	०	०	०	१०	०.०४	
हिन्दी	१	०	०	०	१	२	०.००९	
मैथिली	०	०	०	०	३	३	०.०१	
राई	०	२	१	०	१	४	०.०२	
सन्थाली	०	२	०	०	०	२	०.००९	आँशिक बसोवास
चामलिंग	०	३	०	०	०	३	०.०१	आँशिक बसोवास
सेर्पा	०	०	२	०	०	२	०.००९	आँशिक बसोवास
लिम्बु	०	०	२	०	०	२	०.००९	आँशिक बसोवास
चेपाँग	०	४	०	०	०	४	०.०२	
छन्त्याल	०	०	२	०	०	२	०.००९	आँशिक बसोवास
भाषा नखुलेको	९	८	१०	७	५	३९	०.१७	
जम्मा	३७४९	४१४०	४६२६	६१७७	३८३७	२२५२९	१००	

स्रोत: घरधुरी तथ्यांक संकलन २०७८

३.५ धर्म अनुसार जनसंख्या विवरण

यस गाउँपालिकामा रहेको कूल २२५२९ जनसंख्यामध्ये १३५०५ जना अर्थात ५९.९४ प्रतिशत जनसंख्याले हिन्दू धर्म मान्दछन् । दोस्रोमा बुद्ध धर्म मान्नेको संख्या ८१३८ अर्थात ३६.१२ प्रतिशत र तेस्रोमा क्रिस्चियन धर्म मान्नेको संख्या ७३० अर्थात ३ प्रतिशत रहेको छ ।

त्यसैगरि किराँत, ईस्लाम धर्मलम्बीहरू पनि यहाँ छन् । गाउँपालिका क्षेत्रमा धार्मिक विविधता एवं धार्मिक सहिष्णुता पाइएको छ । वडागत रुपमा हेर्दा वडा नं. ४ मा बुद्ध धर्मलम्बीको बाहुल्यता छ । यहाँ वडाको जम्मा जनसंख्या ६१७७ मध्ये बुद्धधर्म मान्नेको संख्या ३११५ छ ।

उक्त वडामा हिन्दु धर्मलम्बी दोस्रो स्थानमा छ भने अन्य वडाहरूमा हिन्दु धर्मलम्बीको संख्या पहिलो स्थानमा र बुद्ध धर्मलम्बीको जनसंख्या दोस्रो स्थानमा छ ।

तालिको नं. १५ धर्म अनुसार जनसंख्या विवरण :

वडा	हिन्दू	बुद्ध	क्रिश्चयन	ईस्लाम	किरात	अन्य	जम्मा
१	२५५७	११२४	४९	०	१०	९	**३७४९**
२	२८६६	१११७	१०६	०	४३	८	**४१४०**
३	३२३३	१०१७	३६१	१	४	१०	**४६२६**
४	२८९८	३११५	१५७	०	०	७	**६१७७**
५	१९५१	१७६५	५७	१	५८	५	**३८३७**
जम्मा	**१३५०५**	**८१३८**	**७३०**	**२**	**११५**	**३९**	**२२५२९**
प्रतिशत	५९.९४	३६.१२	३.२४	०.००९	०.५१	०.१७	१००

स्रोत : घरधुरी तथ्यांक संकलन २०७८

धर्मको आधारमा ठोरी गाउँपालिकामा जनसंख्या वितरणको अवस्थ

३.६ जातिगत आधारमा जनसंख्या विवरण

तालिका नं. १६ : जातजातिअनुसार जनसंख्याको विवरण

क्र.सं.	जातजाती	वडा १	वडा २	वडा ३	वडा ४	वडा ५	जम्मा	प्रतिशत
१	तामाङ	७४०	८२८	८१०	३२६०	१६८८	७३२६	३२.५
२	क्षेत्री	८५३	६६२	१३८८	२३९	७६८	३९१०	१७.३

३	ब्रह्मण	६२८	१३६६	६०१	१७५	४११	३१८१	१४.१
४	नेवार	७५	८३	६५०	२०५०	२३१	३०८९	१३.७
५	गुरुङ	३०१	२०७	३७०	७	२८	९१३	४.०
६	मगर	८५२	४१४	१८०	६२	१७२	१६८०	७.४
७	विश्वकर्मा	१३२	८२	१५७	२७१	१३०	७७२	३.४
८	सुचिकार	९४	४१	५१	७१	२३	२८०	१.२
९	थारु	५	१६५	१८५	११	५	३७१	१.६
१०	चेपाङ/बोट	३	१४५		२		१५०	०.६
११	राई	३८	८३	९	९	११५	२५४	१.१
१२	सार्की	१०	२५	१५६		३८	२२९	१.०
१३	यादव					१००	१००	०.४
१४	गिरी					३४	३४	०.१
१५	दुसाद					२८	२८	०.१
१६	पासवान					२३	२३	०.१
१७	लिम्बु	३					३	०.०१
१८	कुर्मी					९	९	०.०३
१९	अन्य	१५	३७	७१	२०	३४	१७७	०.७
जम्मा		**३७४९**	**४१४०**	**४६२६**	**६१७७**	**३८३७**	**२२५२९**	**१००**

स्रोत : घरधुरी तथ्यांक संकलन २०७८

३.७ घरमुलीको विवरण

घरपरिवारका अभिभावक तथा निर्णयमा मुख्य व्यक्ति नै घरमुली हुन् । हाम्रो समाज पितृ सतात्मक रहेता पनि पारिवारिक बनौट, परिवारका सदस्यको सामर्थ्यता, परम्परा एवं जातिय वा धार्मिक संस्कार साथै बर्तमान चेतना स्तर एवं लैंगिक शसक्तिकरणको प्रभावका कारण पनि ठोरी गाउँपालिका क्षेत्रमा महिला घरमुली भएका घरहरू प्रसस्तै पाईन्छ ।

तालिका नं. १७ घरमुलीको आधारमा परिवार संख्या

वडा नं.	पुरूष घरमुली		महिला घरमुली		जम्मा	
	प.संख्या	प्रतिशत	प.संख्या	प्रतिशत	प.संख्या	प्रतिशत
१	७३९	९२	६३	८	**८०२**	१००
२	९२८	९७	३२	३	**९६०**	१००
३	१०५०	९३	८१	७	**११३१**	१००
४	१२७८	८९	१५०	११	**१४२८**	१००
५	८७९	९०	९३	१०	**९७२**	१००
जम्मा	**४८७४**	**९२**	**४१९**	**८**	**५२९३**	१००

स्रोत : घरधुरी तथ्यांक संकलन २०७८

ठोरी गाउँपालिकामा ५३९३ परिवारमध्ये ४१९ अर्थात ८ प्रतिशत परिवारको मुली तथा नेतृत्व महिलाले

गरिरहेका छन् । वडागत रुपमा केलाउँदा सबै भन्दा बढि वडानं. ४ मा ११ प्रतिशत परिवारको मुली महिला छन् भने सबै भन्दा कम वडानं. २ मा ३ प्रतिशत परिवारका मुली महिला रहेका छन् ।

३.८ पेशाका आधारमा जनसंख्या विवरण

तालिका नं. १८: मुख्य पेशाको आधारमा जनसंख्याको विवरण

मुख्य पेशा	वडा नं. १	प्रतिशत	२	प्रतिशत	३	प्रतिशत	४	प्रतिशत	५	प्रतिशत	जम्मा	प्रतिशत
खेतीपाती	२७०३	१५	३२४४	१८	३९६५	२२	५०४६	२८	३०६४	१७	**१८०२३**	**८०**
नोकरी	२८७	१९	२७२	१८	३०२	२०	३९३	२६	२५६	१७	**१५११**	**७**
व्यापार	१०९	११	२४७	२५	११९	१२	२७७	२८	२३७	२४	**९८९**	**४**
उद्योग	८	१६	१०	१९	१०	२०	१४	२७	९	१७	**५०**	**०.२**
मजदुरी	६१६	३५	३३२	१९	१६५	९	३९५	२३	२३०	१३	**१७३८**	**८**
पशु पालन	१	२०	१	२०	२	४०	०	०	१	२०	**५**	**०.०२**
कुखुरा पालन	०	०	१	१००	०	०	०	०	०	०	**१**	**०.००४**
डकर्मी	३	९	५	१५	१६	४७	४	१२	६	१८	**३४**	**०.१५**
सिकर्मी	४	७	५	९	२७	४८	१२	२१	९	१५	**५७**	**०.२५**
घर पेन्टर	२	१२	३	१९	३	१९	५	३१	३	१९	**१६**	**०.०७**
ब्युटिसियन	०	०	२	४०	०	०	२	४०	१	२०	**५**	**०.०२**
अन्य	१६	१६	१८	१८	१७	१७	२९	२९	२०	२०	**१००**	**०.४**
जम्मा	**३७४९**	**१७**	**४१४०**	**१८**	**४६२६**	**२१**	**६१७७**	**२७**	**३८३७**	**१७**	**२२५२९**	**१००**

स्रोत : घरधुरी तथ्यांक संकलन २०७८

यस गाउँपालिकाका बासिन्दाको मुख्य पेसा कृषि हो । कुल जनसंख्य २२५२९ मध्ये कृषि मुख्य पेशाको रुपमा अपनाउने जनसंख्या १८०२३ अर्थात ८० प्रतिशत देखियो । दोस्रोमा मजदुरी गर्नेहरू छन् । मजदुरी गर्नेको जनसंख्या १७३८ (८ प्रतिशत) छ भने तेस्रो स्थानमा नोकरी रहेको छ । नोकरी गर्नेको जनसंख्या १५११ अर्थात ७ प्रतिशत देखिएको छ ।

पुनश्च: मुख्य पेशा गणना गर्दा परिवारको भरण पोषन गर्ने घरमुलीको पेसा जुन छ, उनको बालबालिका वा उनीसंग आश्रीतको पेशामा पनि सोही पेशा उल्लेख गरिएको छ । जस्तै कृषकको सन्तान बिद्यार्थी हुन भने उनीहरूको आधार कृषि भएकोले पेशामा कृषि नै जनाइको छ ।

३.९ आर्थिक रुपले सक्रिय जनसंख्या विवरण

संयुक्त राष्ट्र राष्ट्रिय लेखा पद्दति (SNA)का अनुसार आर्थिक रूपले सक्रिय जनसङ्ख्या त्यस्तो जनसङ्ख्या हो, जसले निश्चित समयावधि भित्र आर्थिक वस्तु तथा सेवाको उत्पादन गर्दछ वा उत्पादनका लागि उपलब्ध हुन्छ ।

मुलुकको आवाधिक राष्ट्रिय जनगणनामा आर्थिक क्रियाकलापका बारेमा प्रत्येक परिवारवाट १० वर्ष वा सो भन्दा माथि उमेरको जनसङ्ख्याको क्रियाक्लापलाई विश्लेशन गरि आर्थिक रुपले सक्रिय तथा निश्क्रिय जनसंख्या छुट्याईन्छ । राष्ट्रिय जनगणनाको आधारमा तत्कालिन प्रदेश २ हाल मधेश प्रदेशले तयार गरेको बस्तुगत विवरण- प्रदेश २ लाई सामान्यीकरण गरेर यो खण्डको तथ्याङ्क प्र:तुत गरिएको छ .।

सो अनुसार ठोरी गाउँपालिकामा ४७.७ प्रतिशत जनसंख्या आर्थिक रुपले सक्रिय छन् । यहाँ आर्थिक

रूपले निःक्रिय जनसङ्ख्या ५२.३ प्रतिशतमा पुरुष १७.६ प्रतिशत र महिला ३४.७ प्रतिशत रहेका छन् .। आर्थिक रूपले सक्रिय जनसङ्ख्या मध्ये यस पालिकामा पुरुष ३३.६ प्रतिशत तथा महिला १४.१ प्रतिशत रहेका छन् समग्र नेपालमा भने ५२ प्रतिशत जनसंख्या आर्थिक रुपले सक्रिय छन् । यस पालिकामा कुनै बस्तु तथा सेवाको उत्पादनमा सक्रिय नरहेको साथै कुनै शिक्षा एवं शिप तथा ईलम सिक्दै नरहेका १८ बर्ष माथिको बेरोजगार संख्या १.२ प्रतिशत छ ।

३.९.१ आर्थिक रुपले सक्रिय नरहनुको कारणहरू

ठोरी गाउँपालिकामा सबैभन्दा बढी अध्ययनका कारण आर्थिक रुपले सक्रिय नरहेको अवस्था छ । समग्र नेपालमा पनि सोही कारणले सक्रिय नरहेको पाईएको छ .। ठोरीमा अध्यायनको कारण आर्थिक रुपले सक्रिय नरहेको जनसंख्या ४२.९ प्रतिशत छ । यसैगरि यहाँ घरायसी कामको कारण ४७.९ प्रतिशत, बृद्ध अवस्थका कारण ४.८ प्रतिशत, अपाङ्गताका कारण ०.४ प्रतिशत, दीर्घरोगी रहेका ०.६ प्रतिशत, अन्य १.५ प्रतिशत र स्पष्ट कारण नखुलेका १.९ प्रतिशत जनसंख्या रहेका छन् ।
यस्तो जनसङ्ख्या नेपालमा भने अध्ययनका कारण ५९ प्रतिशत र घरायसी कार्यका कारण करिब २९ प्रतिशत रहेका छन् .।

३.१० अपाङ्गताको आधारमा जनसंख्या विवरण

३.१०.१ अपाङ्गताको आधारमा जनसंख्यो विवरण

तालिका नं. १९ अपाङ्गता अवस्थाको जनसंख्या विवरण

वडानं.	जम्मा	प्रतिशत	अपाङ्गता	संख्या	प्रतिशत	पुरुष	प्रतीशत	महिला	प्रतिशत
१	२४		पूर्णअपाङ्गता	५		३		२	
			अति अशक्त अ.	१९		१०		९	
२	१०		पूर्णअपाङ्गता	८		५		३	
			अति अशक्त अ.	२		१		१	
३	१५		पूर्णअपाङ्गता	४		३		१	
			अति अशक्त अ.	११		७		४	
४	१६		पूर्णअपाङ्गता	२		१		१	
			अति अशक्त अ.	१४		८		६	
५	११		पूर्णअपाङ्गता	४		३		१	
			अति अशक्त अ.	७		४		३	
जम्मा	७६		पूर्णअपाङ्गता	२३		१५		८	
			अति अशक्त अ.	५३		३०		२३	

स्रोत: घरधुरी तथ्यांक संकलन २०७८

३.११ बसाईसराई सम्बन्धी विवरण

३.११.१ वि.सं.२०७७ साउन १ गते देखि २०७८ असार मसान्तसम्म एक वर्षको अवधिमा अन्यत्रबाट यस पालिकामा बसाई सरि आएका र गएका घरधुरी तथा जनसंख्या

तालिका नं. २० बसाईसराई विवरण

वडा नं.	बसाईं सरि आएका			बसाईं सरि गएका		कैफियत
	घरधुरी	सदस्य संख्या	कैफियत	घरधुरी	सदस्य संख्य	कैफियत
१	०	०		३८	१७१	
२	०	०		२२	९९	
३	२	१०		२९	१३१	
४	०	०		५०	२२५	
५	०	०		३७	१६७	
जम्मा	२	१०		१७६	७९३	

स्रोत: गाउँपालिका पञ्जिकरण शाखा

३.११.२ अन्यत्रबाट यस पालिकामा बसाई सरी आउनुको मुख्य कारण

अन्यत्रबाट यस पालिकामा बसाईं सरि आउनेहरू आफन्त नाता गोता, कुल-कुटुम्वको नाताले बाधिएर यतै बसाई सरि आउने गरेका छन् भने केही घरधुरी अन्यत्र भन्दा यस पालिकका विभिन्न स्थानमा बाहिर भन्दा जग्गा जमिन एवं खाधान्न सस्तो पाउने भए पछि जिविकोपार्जन गर्न सहज ठानेर बसाई सरी आउने गरेका छन् । त्यसैगरि यस पालिका क्षेत्रमा वन जंगलको उपलब्धता र शान्त वातावरणको कारणले गर्दा बसाई सरि आउने गरेकाछन् ।

३.११.३ पालिकाबाट अन्यत्र बसाई सरी जानुको मुख्य कारण

यस पालिकाबाट अन्यत्र बसाईं सरी जानेहरू अधिकाँश जनसंख्या अवसरको खोजीमा गएका हुन् । सन्ततीको पढाईको बातावरण तथा अवसर, त्यसैगरि रोजगारीको अवसर अन्यत्र पाए पछि विस्तारै परिवारै उतै सर्ने देखिएका छन् । अर्को तर्फ लामो समयसम्म बैदेशिक रोजगारीमा परिवारका सदस्यहरू रहेका घरपरिवारले काठमण्डौलगायत सुविधा सम्पन्न सहरहरूमा बसाई सरि गएको पाइएका छन् ।

तालिका नं. २१ पछिल्लो १२ महिना अर्थात वि.सं. २०७७ साल साउन १ गते देखि २०७८ साल असार मसान्तसम्म गाउँपालिकामा दर्ता भएको बसाईं सरि आए/ गएको विवरण : लैंगिक आधारमा

बसाई सरि आएको				बसाई सरि गएको		जम्मा
वडानं.	पुरुष	महिला	जम्मा	पुरुष	महिला	
१	०	०	०	८२	८९	१७१
२	०	०	०	४८	५१	९९
३	५	५	१०	६०	७१	१३१
४	०	०	०	११०	११५	२२५
५	०	०	०	८०	८७	१६७
जम्मा	५	५	१०	३८०	४१३	७९३

स्रोत: स्रोत: गाउँपालिका पञ्जिकरण शाखा

३.१२ व्यक्तिगत घटना सम्बन्धी विवरण

तालिका नं. २२ वि.सं. २०७७ साल साउन १ गते देखि २०७८ साल असार मसान्तसम्म गाउँपालिकामा दर्ता भएको व्यक्तिगत घटना: जन्म र मृत्यु विवरण

वडा नं.	जन्म				मृत्यु	
	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा
१	५२	५७	१०९	१५	१२	२७
२	६२	६६	१२८	१३	१०	२३
३	९९	१०७	२०६	१८	१४	३२
४	१०३	११०	२१३	१०	८	१८
५	५४	६०	११४	१७	१३	३०
जम्मा	३७०	४००	७७०	७३	५७	१३०

स्रोत: गाउँपालिका पञ्जिकरण शाखा

तालिका नं. २३: पछिल्लो १२ वि.सं. २०७७ साल साउन १ गते देखि २०७८ साल असार मसान्तसम्म गाउँपालिकामा दर्ता भएको व्यक्तिगत घटना: सम्बन्ध विच्छेद र विवाहको विवरण

वडा नं.	सम्बन्ध विच्छेद	विवाह	कैफियत
१	२	३३	
२	३	५५	
३	३	७२	
४	१	७८	
५	१	४९	
जम्मा	१०	२८७	

स्रोत: गाउँपालिका पञ्जिकरण शाखा

३.१३ सामाजिक सुरक्षा कार्यक्रममा लाभान्वित विवरण

अति गरिबी अवस्थामा गुज्रिरहेका, असहाय अवस्थाका, जोखिममा परेका वा उन्मुख व्यक्ति, घरपरिवार तथा समुदायलाई अति गरिबी तथा जीवनमा आउन सक्ने सम्भाव्य जोखिमहरूबाट जोगाएर सुरक्षित जीवनको सुनिश्चितता प्रदान गर्ने नीति र कार्यक्रमलाई सामाजिक सुरक्षा कार्यक्रम भनिन्छ ।

संयुक्त राष्ट्र सङ्घको सामाजिक विकास अध्ययन केन्द्रका अनुसार सामाजिक सुरक्षाले बेरोजगार, बञ्चितीकरण, बिरामी, अपाङ्गता र बुढेसकालमा हुने सामाजिक तथा आर्थिक जोखिम व्यवस्थापन गर्न, उनीहरूको क्षमता अभिबृद्धि गर्न, जोखिम कम गर्न र श्रम बजारको दक्षता अभिवृद्धि गर्न सहयोग पुऱ्याउँछ ।

३.१३.१ सामाजिक सुरक्षा भत्ता पाइरहेका लाभग्राहीहरूको विवरण वडागत रुपमा

पालिकाले सामाजिक सुरक्षा भत्तावापत सात किसिमको भत्ता वितरण गरिरहेको छ ।

तालिका नं. २४ प्रतिवेदन तयार हुँदाको मितिसम्म पालिकाबाट सामाजिक सुरक्षा भत्ता पाइरहेका लाभग्राहीहरू

वडा नं.	ज्येष्ठ नागरिक	एकल महिला	विधवा	पूर्ण-अपाङ्गता	अति अशक्त अपाङ्गता	ज्येष्ठ दलित	दलित बालबालिका
१	२०८	५१	५२	५	१९	२०	२७
२	१८४	५०	५०	८	२	१६	१३
३	२३०	४१	५४	४	११	३३	२८
४	२९३	४२	६२	२	१४	२२	२९
५	२०६	३३	५३	४	७	२२	२१
जम्मा	११२१	२१७	२७१	२३	५३	११३	११८

स्रोत: गाउँपालिका पञ्जिकरण शाखा

३.१३.२ सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयनको अवस्थ :

ज्येष्ठ नागरिक, महिला एवं अपाङगहरूले सार्वजनिक सवारीमा आरक्षण सिट पाउनु पर्ने कानुनी व्यवस्था भएता पनि यस पालिका क्षेत्रमा छाटो दुरीको सवारीमा उक्त व्यवस्था लागु भएको पाइएन । लामो दुरीको सवारीमा पनि कडाईका साथ लागु नभएको पाइएको छ ।

ज्येष्ठ नागरिकको निश्शुल्क स्वास्थ्य विमा सेवा पालिकाका केही ज्येष्ठ नागरिकले विभिन्न स्वस्थ्य संस्थावाट प्राप्त गरेका छन् । सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत सेवा पाउनु पर्ने लक्षित समुह भित्र पर्ने कतिपय व्यक्तिले समेत सचेतना साथै आवश्यक प्रमाणको अभावमा सेवा पाउनुबाट बन्चित देखिएकाछन् ।

३.१४ संस्थागत जनसंख्या विवरण

पलिकाको क्षेत्र भित्र विभिन्न संघ/संस्था तथा आश्रम, देवालयहरू तथा एउटै छाना गरि संस्थागत रुपमा बस्ने परिवारका सदस्यहरूको जनसंख्यालाई संस्थागत जनसंख्याको रुपमा राखिएका छन् ।

तालिका नं. २५ आश्रय दिने संस्था र आश्रीत सगोल सदस्य संख्य वडागतरुपमा

वडा नं	संस्थाको नाम	सगोल सदस्य संख्या
१	बृद्धबृद्धा असहाय सेवा केन्द्र	२५
२	-	-
३	-	-
४	-	-
५	-	-
जम्मा	१	२५

स्रोत: घरधुरी सर्वेक्षण २०७८

परिच्छेद-४: आर्थिक अवस्थ

४.१ प्रमुख अर्थिक विवरण

४.१.१ प्रविधिक सीप तथा विशेष दक्षता भएका मानव संसाधनको विवरण

तालिका नं.२६ प्रविधिक सीप तथा विशेष दक्षता भएका मानव संसाधन

क्रसं.	प्रविधिक सिपको नाम	वडानं.१	वडानं.२	वडानं.३	वडानं.४	वडानं.५	जम्मा
१	मानव स्वस्थ्य	३	४	३	५	७	२२
२	पशु-पंक्षी स्वस्थ्य	५	४	२	१	२	१४
३	कृषि	०	०	०	०	०	०
४	सौन्दर्या	०	२	०	२	१	५
५	सिलाई कटाई	१०	१५	७	१८	१६	६६
६	सुचना प्रविधी	०	१	२	१	१	५
७	विधुत	१	१	३	१	२	८
८	अटोमोवाईल्स	२	४	२	४	७	१९
९	वन विज्ञान	०	०	०	०	०	०
१०	कम्प्युटर विज्ञान	१	१	२	२	१	७
११	घर पेन्टीङ्ग	२	३	३	५	३	१६
१२	मेकानिक्स	४	६	७	१०	९	३६
१३	स्टिल फर्निचर्स	८	१०	२१	१२	८	५९
१४	उड फर्निचर्स	४	५	२७	१२	६	५४
१५	डकर्मी	४	६	१२	१३	७	४२
	जम्मा	४४	६२	९१	८६	७०	३५३

स्रोत: घरधुरी तथ्यांक संकलन २०७८

४.१.२ मुख्य पेशा सम्बन्धी विवरण

तालिका नं.२७ मुख्य पेशा सम्बन्धी विवरण वडागत र प्रतिशतमा समेत

मुख्य पेशा	वडा नं. १	प्रतिशत	२	प्रतिशत	३	प्रतिशत	४	प्रतिशत	५	प्रतिशत	जम्मा	प्रतिशत
खेतीपाती	२७०३	१५	३२४४	१८	३९६५	२२	५०४६	२८	३०६४	१७	**१८०२३**	**८०**
नोकरी	२८७	१९	२७२	१८	३०२	२०	३९३	२६	२५६	१७	**१५११**	**७**
व्यापार	१०९	११	२४७	२५	११९	१२	२७७	२८	२३७	२४	**९८९**	**४**
उद्योग	८	१६	१०	१९	१०	२०	१४	२७	९	१७	**५०**	**०.२**
मजदुरी	६१६	३५	३३२	१९	१६५	९	३९५	२३	२३०	१३	**१७३८**	**८**
पशु पालन	१	२०	१	२०	२	४०	०	०	१	२०	**५**	**०.०२**
कुखुरा पालन	०	०	१	१००	०	०	०	०	०	०	**१**	**०.००४**
डकर्मी	३	९	५	१५	१६	४७	४	१२	६	१८	**३४**	**०.१५**
सिकर्मी	४	७	५	९	२७	४८	१२	२१	९	१५	**५७**	**०.२५**
घर पेन्टर	२	१२	३	१९	३	१९	५	३१	३	१९	**१६**	**०.०७**
व्युटिसियन	०	०	२	४०	०	०	२	४०	१	२०	**५**	**०.०२**
अन्य	१६	१६	१८	१८	१७	१७	२९	२९	२०	२०	**१००**	**०.४**
जम्मा	**३७४९**	**१७**	**४१४०**	**१८**	**४६२६**	**२१**	**६१७७**	**२७**	**३८३७**	**१७**	**२२५२९**	**१००**

स्रोत: घरपरिवार सर्वेक्षण २०७८

४.१.३ औसत आम्दानी विवरण

गाउँपालिका बासिन्दाले दैनिक तथा बार्षिकरुपमा विभिन्न बैधानिक स्रोतबाट आम्दानी गरिरहेका छन् । आम्दानीको स्रोत फरक छ । उक्त स्रोतमा संगल्न घरपरिवार संख्या पनि फरक छन् । कतिपय एकै घर परिवार दुई वा दुई भन्दा बढि आय आर्जनको स्रोतमा संलग्न छन् ।

एकै किसिमको स्रोतबाट पालिका क्षेत्र भित्रका बासिन्दाले गरिरहेको कुल आम्दानीलाई सो स्रोतमा संलग्न घर परिवारसंख्याले भाग गर्दा आउने आम्दानी अंकलाई औसत आम्दानी मानिएको छ । यस सम्बन्धी वडागत विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

तालिका न २८ बार्षिक रुपमा औषत आम्दानीको विवरण

मुख्य आम्दानीको स्रोत	वडा नम्बर	१	२	३	४	५	जम्मा
	जम्मा परिवार संख्या	८०२	९६०	११३१	१४२८	९७२	५२९३
उद्योग धन्दाबाट	संलग्न परिवार संख्या	३	४	४	६	६	२३
	जम्मा आम्दानी	४३०००००	६५०००००	५५०००००	१०००००००	९५००००	३५८०००००
	औषत आम्दानी	१७६६६६६	१६२५०००	१३७५०००	१६६६६६६	१५८३३३३	१५५६५२१
व्यापार व्यवासायबाट	संलग्न परिवार संख्या	३५	६१	५३	८७	६०	२९६
	जम्मा आम्दानी	१४००००००	२२९१२०००	१६४१४१००	४४१९४९५६	२९८८०००००	१२७४०१०५६
	औषत आम्दानी	४०००००	३९२०००	३९०७००	५०७९८८	४९८०००	४३०४०८
नोकरीबाट	संलग्न परिवार संख्या	२६९	२५८	२९५	३५७	२५३	१४३२
	जम्मा आम्दानी	११२९८००००	९२८८००००	८८५०००००	१०७१०००००	७५९०००००	५१७१४००००
	औषत आम्दानी	४२००००	३६००००	३०००००	३०००००	३०००००	३६११३१
पेन्सनबाट	संलग्न परिवार संख्या	२८९	१५३	८८	९५	७७	७०२
	जम्मा आम्दानी	६०६९००००	२७८००१००	१५८४००००	१७१०००००	१३८६००००	१३५२९०१००
	औषत आम्दानी	२१००००	१८१७००	१८००००	१८००००	१८००००	१९२७२०
घर तथा जग्गा भाडाबाट	संलग्न परिवार संख्या	१६	५१	९३	३९	४१	२४०
	जम्मा आम्दानी	२८८०००	९६९०००	१११६०००	७०२०००	७५८५००	३८३३५००
	औषत आम्दानी	१८०००	१९०००	१२०००	१८०००	१८५००	१५९७२
सवारी मेसिन तथा उपकरणबाट	संलग्न परिवार संख्या	१५	१८	३२	४०	२९	१३४
	जम्मा आम्दानी	६३०००००	७५६००००	१३४४००००	१६८०००००	१२१८००००	५६२८००००
	औषत आम्दानी	४२००००	४२००००	४२००००	४२००००	४२००००	४२००००

रेमिटयान्सबाट	संलग्न परिवार संख्या	२६५	२४३	२४०	२८०	१९८	१२२६
	जम्मा आम्दानी	१२७२०००००	११०८०८०००	८६४०००००	१००८०००००	७१२८००००	४९६४८८०००
	औषत आम्दानी	४८००००	४५६०००	३६००००	३६००००	३६००००	४०४९६५
खेतीपातीबाट	संलग्न परिवार संख्या	६१५	८९७	१०३०	१३३६	७९८	४६७६
	जम्मा आम्दानी	४४२८००००	६७२७५०००	१०३०००००००	१६७०००००००	७५८१००००	१९६०३६५०००
	औषत आम्दानी	७२०००	७५०००	१०००००	१२५०००	९५०००	९७८११
पशुपालनबाट	संलग्न परिवार संख्या	१७५	२२१	७३५	२०१	१९७	१६३२
	जम्मा आम्दानी	३५०००००	४६४१०००	११०२५०००	३६१८०००	३९४००००	२६७२४०००
	औषत आम्दानी	२००००	२१०००	१५०००	१८०००	२००००	१६३७५
दैनिक ज्यालादारीबाट	संलग्न परिवार संख्या	१०२	११९	२००	२१४	१४५	७८०
	जम्मा आम्दानी	११०१६०००	१२८५२०००	२१६०००००	२३११२०००	१५६६००००	८४२४००००
	औषत आम्दानी	१०८०००	१०८०००	१०८०००	१०८०००	१०८०००	१०८०००
पालिकामा जम्मा	जम्मा परिवार संख्या	८०२	९६०	११३१	१४२८	९७२	५२९३
	जम्मा आम्दानी	३८४५५४०००	३५४१९७१००	३६२८३५१००	५०२०२६९५६	३००२१८५००	१९०३८३१६५६
प्रति परिवार औषत आम्दानी		४७९४९३	३६८९५५	३२०८०९	३५१५५९	३०८८६६	३५९६८८
प्रति व्यक्ती औषत आम्दानी		१०२५७५	८५५५४	७८४३३	८१२७३	७८२४३	८४५०५

स्रोत: घरपरिवार सर्वेक्षण २०७८

४.१.४ औषत खर्च तथा बचत विवरण

तालिका नं. २९ बार्षिक रुपमा औषत खर्चको विवरण

मुख्य खर्चको शिर्षकहरू	वडा नम्बर	१	२	३	४	५	जम्मा
	जम्मा परिवार संख्या	८०२	९६०	११३१	१४२८	९७२	५२९३
खाद्यान्न, तरकारी)	संलग्न परिवार संख्या	८०२	९६०	११३१	१४२८	९७२	५२९३
	जम्मा खर्च	२९८३४४००	३५७१२०००	४२०७३२००	५३१२१६००	३६१५८४००	१९६८९९६००
	औषत खर्च	३७२००	३७२००	३७२००	३७२००	३७२००	३७२००
फलफुल, दुध, दही, घ्यु	संलग्न परिवार संख्या	५००	५१५	४०३	७००	४५०	२५६८
	जम्मा खर्च	९५०००००	१०३०००००	७२५४०००	१२९५००००	८३२५०००	४८३२९०००
	औषत खर्च	१९०००	२००००	१८०००	१८५००	१८५००	१८८१९
माछा, मासु, अण्डा	संलग्न परिवार संख्या	७२५	९००	१०५०	१३५५	९१३	४९४३
	जम्मा खर्च	११६०००००	१२९६००००	१५२२५०००	२३०३५०००	१३६९५०००	७६५१५०००

	औषत खर्च	१६०००	१४४००	१४५००	१७०००	१५०००	१५४७९
शिक्षा, स्वास्थ्य उपचार	संलग्न परिवार संख्या	८०२	९६०	११३१	१४२८	९७२	५२९३
	जम्मा खर्च	१४२६००००	१२४८००००	१४७०३०००	१८५६४०००	१२६३६०००	७२६४३०००
	औषत खर्च	१३०००	१३०००	१३०००	१३०००	१३०००	१३७२४
मधपान तथा धुमपान	संलग्न परिवार संख्या	६००	३००	७००	९००	६००	३१००
	जम्मा खर्च	१०८०००००	४८०००००	१०५०००००	१५३०००००	९९०००००	५१३०००००
	औषत खर्च	१८०००	१६०००	१५०००	१७०००	१६५००	१६५४८
चाड, पर्व तथा सामाजिक संस्कार	संलग्न परिवार संख्या	८०२	९६०	११३१	१४२८	९७२	५२५३
	जम्मा खर्च	१३६३४०००	१६१२८०००	१८०९६०००	२४२७६०००	१५५५२०००	८७६८६०००
	औषत खर्च	१७०००	१६८००	१६०००	१७०००	१६०००	१६६९२
लत्ता, कपडा, जुत्ता, चप्पल	संलग्न परिवार संख्या	८०२	९६०	११३१	१४२८	९७२	५२९३
	जम्मा खर्च	१६०४००००	१८७२००००	२१४८९०००	२९२७४०००	१८९५४०००	८५७७५७२०
	औषत खर्च	२००००	१९५००	१९०००	२०५००	१९५००	१६२०५
घर, गोठ मरम्मत संभार	संलग्न परिवार संख्या	५०	५५	७०	१००	४५	३२०
	जम्मा खर्च	१२५००००	१३७५०००	१५४००००	२४०००००	९०००००	७४६५०००
	औषत खर्च	२५०००	२५०००	२२०००	२४०००	२००००	२३३२८
कृषि कार्य तथा पशु, पंक्षी स्वस्थ्य	संलग्न परिवार संख्या	७०३	८४५	१०५१	१३४७	८४५	४७९१
	जम्मा खर्च	८४३६०००	१०१४००००	१५७६५०००	१८८५८०००	१०५८५०००	६३७८४०००
	औषत खर्च	१२०००	१२०००	१५०००	१४०००	१३०००	१३३१३
संचार, यातायात	संलग्न परिवार संख्या	८०२	९६०	११३१	१४२८	९७२	५२९३
	जम्मा खर्च	१००२५०००	१२००००००	११५२०००००	१८५६४०००	१२६३६०००	६४७४५०००
	औषत खर्च	१२५००	१२५००	१२०००	१३०००	१३०००	१२२३२
पालिकामा जम्मा	जम्मा परिवार संख्या	८०२	९६०	११३१	१४२८	९७२	५२९३
	जम्मा खर्च	१२५३७९४००	१३४६१५०००	१५८१६५२००	२१६३४२६००	१३९३४१४००	७७३८४३६००
	औषत खर्च	१५६३३३	१४०२२३	१३९८४५	१५१५००	१४३२०८	१४६२०१

स्रोत: घरधुरी तथ्यांक संकलन २०७८

४.१.५ विपन्नता स्तरिकरण विवरण

पलिकाका बासिन्दाहरूको सम्पन्नता तथा विपन्नता बारे उनीहरूको आम्दनानी र सो आम्दानीले परिवारको भरण पोषना गर्न पुग्ने हैसियतले माफन गर्न सकिन्छ ।

तालिका नं.३० आफ्नो वार्षिक आम्दानीले परिवार धान्न पुग्ने समय अवधिको आधारमा परिवारको विवरण:

वडा नं.	१ - ३ महिना	४ - ६ महिना	७- ९ महिना	१०-१२ महिना	उल्लेख नभएको	जम्मा
१	२५	७५	१२५	५६०	१७	८०२
२	३३	८०	५४	७८०	१३	९६०
३	४०	६५	२००	७८६	४०	११३१
४	४५	८०	१७५	१०६५	६३	१४२८
५	५०	७५	२०१	६१९	२७	९७२

जम्मा	१९३	३७५	७५५	३८१०	१६०	५२९३

स्रोत: घरपरिवार सर्वेक्षण २०७८

४.१.६ खाद्यान्न सुरक्षाको अवस्था

विभिन्न सूचकको आधारमा नेपाल पनि खाद्य असूरक्षित मुलुकहरुमध्ये एक हो । खाद्य संकट र भोकमरी, कुपोषणको समस्याबाट नेपाल पनि अछुतो रहेको छैन । विश्वका भोकमरीग्रस्त देसको सूचिमा नेपालको स्थान ५६ औं रहेको छ । नेपालको सन्दर्भमा कुरा गर्दा नेपाल सरकार, तत्कालिन कृषि तथा सहकारी मन्त्रालयको भनाइ अनुसार हाम्रो मुलुकमा १३ प्रतिसत जनसंख्या १ देखि ३ महिनासम्म खान नपुग्ने अवस्थाबाट गुज्रिरहेका छन ।

त्यसैगरी २६ प्रतिसत जनसंख्या ४ देखि ६ महिनासम्म खानपुग्ने अवस्थामा छन् भने ४० प्रतिसत जनसंख्या न्यूनतम क्यालोरी उपभोगगर्ने क्षमता नभएका अवस्थामा छन । मौलिक हक अन्तर्गत नेपालको संविधानको धारा ३६ मा खाद्य सम्बन्धी हकको व्यवस्था गरिएको छ । सोही धाराको उपधारा २ मा प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक हुनेछ । उपधारा ३ मा प्रत्येक नागरिकलाई कानून बमोजिम खाद्य संम्प्रभुताको हक हुनेछ भनी स्पष्ट उल्लेख छ । यसरी गाउँपालिकाले जीवनको प्रमुख आधारको रुपमा रहेको खाद्यान्नको सूरक्षा र आपुर्तिको अवस्था प्रति संवेदनशील हुनुपर्ने देखिन्छ । पालिका क्षेत्रमा खाद्यान्न उपलब्धताको अवस्थवारे तालिकामा दिइएको छ ।

तालिका नं.३१ आफ्नो खेतवारीमा उत्पादीत खाधान्नले धान्न सक्ने अवधि र आफुले आर्जन गरेको रकमबाट खाद्यान्न खरिद गरिरहेका परिवारको विवरण:

वडा नं.	१ - ३ महिना	४ - ६ महिना	७- ९ महिना	१०-१२ महिना	उल्लेख नभएको	जम्मा
१	९७	१००	२७८	३१५	१२	८०२
२	८२	२५७	३१५	२९५	११	९६०
३	८७	३१८	१६५	५३८	२३	११३१
४	९८	१८१	४२८	७००	२१	१४२८
५	७६	३११	१५५	४१३	१७	९७२
जम्मा	४४०(८ ५)	११६७ (२२५)	१३४१ (२५ ५)	२२६१(४३ ५)	८४(२ ५)	५२९३

स्रोत: घरपरिवार सर्वेक्षण २०७८

पालिकामा ८० प्रतिशत जनसंख्याको मुख्य पेशा कृषि रहेकाले स्वस्थ्य खाद्य आफुर्तिको मुख्य स्रोत नै कृषि देखिएको हुँदा आफुले बर्ष भरि उत्पादन गर्ने खाधान्न र सो ले परिवारको भरन पोषनमा धान्न सक्ने समय अवधिलाई मुल्यांकन गरिएको छ । यसरी हेर्दा कुल ५२९३ परिवार मध्ये ८ प्रतिशत अर्थात ४४० परिवार आफुले उत्पादन गरेको अन्नबाट १ देखि ३ महिनासम्म उपभोग गर्छन । बाँकी अवधि उनीहरू अन्य पेशाबाट आएको नगद खर्चेर खाधान्न खरिद गर्ने गरेका छन् ।

स्थानीय स्तरमा चिस्यान केन्द्र नभएकाले कतिपय कृषकहरूले उत्पादनको समयमा आफ्नो बाली विक्री गर्ने र अभावको बेला पालिका भन्दा बाहिरबाट आयत गरिएको खाद्यान्न खरिद गरेर उपयोग गर्ने गरेका छन् । यसो गर्दा खाद्यान्न महंगो पर्नुका साथै गुनस्तरहीन समेत पर्ने सम्भावना बढि छ ।

स्थानीय स्तरमा खाधान्न उत्पादक उद्योग तथा कृषि उत्पादन भण्डार अति कम रहेको हुँदा पालिका भन्दा बाहिरबाट खाधान्न आउने र यसरी आयतीत खाद्यान्नमा स्वस्थ्य तथा गुनस्तरियताको अनुगमन प्रया नहुने गरेको पाइएको छ । यसो गर्दा किनेर खानेहरूका लागि खाद्य सुरक्षाको ग्यारेन्टी न्युन छ ।

पालिकामा ११६७ अर्थात २२ प्रतिशत घर परिवारले आफुले उत्पादन गरेको खाद्यान्नबाट ४ देखि ६ महिना निर्वाहा गर्छन् । त्यसैगरि १३४१ ऋर्थात २५ प्रतिशत घर परिवारले ७ देखि ९ महिना र २२६१ ऋर्थात ४३ प्रतिशत घर परिववारले १० देखि १२ महिनासम्म आफ्नो उत्पादन वा स्थानीय उत्पादन उपभोग गरिरहेकाछन् ।

४.१.७ आवास संरचना विवरण

पालिका स्थित घरको संरचनालाई पक्की, अर्धपक्की र कच्ची समेत तीन भागमा बर्गिकरण गरिएको छ

तालिका नं.३२ संरचनाको आधारमा घरको बर्गिकरण

वडा नं.	पक्की घर	अर्ध पक्की घर	कच्ची घर	जम्मा
१	१४७ (२२ ५)	४२१ (६३ ५)	१०० (१५ ५)	६६८
२	१५२ (१९ ५)	४८० (६० ५)	१६८ (२१ ५)	८००
३	१७९ (१९ ५)	६६९ (७१ ५)	९४ (१० ५)	९४२
४	२९८ (२५ ५)	७९७ (६७ ५)	९५ (८ ५)	११९०
५	१३८ (१७ ५)	५४२ (६७ ५)	१३० (१६ ५)	८१०
जम्मा	९१४ (२१ ५)	२९०९ (६६ ५)	५८७ (१३ ५)	४४१०

स्रोत: घरपरिवार सर्वेक्षण २०७८

पालिकामा रहेको ४४१० घर मध्ये ९१४ (२१ %) वटा घर पक्की छ भने ५८७ (१३ %) घर कच्ची रहेका छन् । त्यसैगरि २९०९ (६६ %) वटा घर अर्धपक्की संरचनाको छ । पालिकामा अर्धपक्की घरको संख्या अधिक रहेका छन् भने दोस्रोमा पक्की घर र तेस्रो स्थानमा कच्ची घरको संख्या छ ।

पुनश्च: भूईं, भित्ता र छत समेत ढलान तथा सिमेन्ट, गिट्टी, बालुवाको मिश्रन प्रयोग भएको घरलाई पक्की घरको सुचिमा राखिएको छ । भूई ढलान, भित्तामा ईंटा, ढुङ्गा वा ब्लकको साथमा सिमेन्ट प्रयोग गरिएको छ तर छानो भने ढलान नभई जस्ता, टायल, कपडा, झिगटी वा फुसको छ भने उक्त किसिमको घरलाई अर्धपक्की घरको सुचिमा समावेश गरिएको छ । त्यसैगरि भूई सतह जस्तोसुकै भए पनि भित्ता काठ वा फुसको छ र छानो टायल, कपडा, झिगटी, खर वा जस्ताले छाएको भए पनि यस किसिमको घरलाई कच्ची घरको सुचिमा राखिएको छ ।

४.१.८ गरिबीको दर (गरिवीको रेखामुनी रहेको जनसंख्या)

नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रलयले प्रकाशन गरेको गरिबी निवारण नीति २०७६ मा उल्लेख भए अनुसार नेपालको १८.७ प्रतिशत जनसंख्या गरिवीको रेखामुनि रहेकाछन् । उपभोगको आधारमा हेर्दा प्रतिव्यक्ति वार्षिक १९ हजार २ सय ६१ रुपैंयाँ खर्च गर्न नसक्ने अर्थात रु. १९२६१ बार्षिक आम्दानी नभएको जनसंख्यालाई गरिवीको रेखा मुनि रहेको मानिन्छ । ठोरी गाउँपालिका क्षेत्रमा राष्ट्रिय स्तरको अनुपात भन्दा गरिवी दर न्युन देखिएको छ ।

तालिका नं.३३ पालिकाको कुल जनसंख्या र कुल घरधुरी मध्ये गरिबीको रेखामुनिको विवरण

वडा नं.	गरिबीको रेखामुनि रहेका.		वडाको जम्मा	
	परिवार संख्या र प्रतिशत	जनसंख्या र प्रतिशत	परिवार संख्या	जनसंख्या
१	८२ (१० ५)	४१२ (११ ५)	८०२	३७४९
२	९५ (१० ५)	४७६ (११.५ ५)	९६०	४१४०
३	१२० (११ ५)	६०१ (१३ ५)	११३१	४६२६
४	१५४ (११ ५)	७७२ (१२.५ ५)	१४२८	६१७७
५	९९ (१० ५)	४९९ (१३ ५)	९७२	३८३७
जम्मा	**५५० (१० ५)**	**२७६० (१२ ५)**	**५२९३**	**२२५२९**

स्रोत: घरपरिवार सर्वेक्षण र समुहगत सर्वेक्षण २०७८

यस गाउँपालिकामा रहेको २२५२९ जनसंख्या मध्ये १२ प्रतिशत अर्थात २७६० जना गरिवीको रेखामुनि रहेकाछन् । यसलाई परिवार संख्याको आधारमा तुलना गर्दा पालिकाको ५२९३ परिवार मध्ये ५५० अर्थात १० प्रतिशत परिवार गरिबीको रेखामुनि रहेकाछन् । एउटा परिवार गरिवीको रेखामुनि हुँदा सो परिवारका सवै सदस्य स्वत: गरिवीको रेखामुनि पुग्ने गरेका छन् ।

४.१.९ आयत र निर्यातको अवस्था

कुनै पनि गाउँपालिकामा आयत भन्दा निर्यात बढि रहे मात्रै व्यापार नाफा बृद्धि भई आर्थिक स्तर माथि उठन सक्छ । यस पालिकाबाट मुख्य रुपमा निर्यात गरिने बस्तु भन्दा आयत गरिने बस्तु नै बढि देखिएका छन् ।

तालिका नं.३४ पालिकामा अन्यत्रबाट आयत गरिने बस्तु र पालिका क्षेत्रबाट अन्यत्र निर्यात गरिने बस्तुको विवरण

क्रसं.	आयत गरिने बस्तु	निर्यात गरिने बस्तु	कैफियत
१	चामल, मैदा, आँटा, दाल	धान, मकै, गहुँ	
२	चुरोट, विंडी, खानेतेल, चिनी	सुर्ती, तोरी, उखु	
३	घिउ, दही, मह	दुध	
४	सुकेको खोर्सानी	हरियो खोर्सानी	
५	हरियो तरकारी		
६	कपडा, बस्त्र		
७	निर्माण सामाग्री		
८	औषधी		
९	स्टेशनरी		
१०	पेट्रोलियम पदार्थ		
११	मल, विउ-विजन, किटनाशक औषधी तथा कृषि उपकरण		
१२	विद्युतीय उपकरण		
१३	प्लास्टीक एवं प्लास्टीकजन्य सामाग्री		

स्रोत समूहगत सर्वेक्षण र संस्थागत सर्वेक्षण २०७८

पालिका क्षेत्रबाट कृषि उत्पादनहरू प्रसस्तै निर्यात गर्न सकिने सम्भावनाहरू रहे पनि त्यसो हुन सकेको छैन । सबै किसिमका हरियो तरकारी यहाँ उत्पादन हुन सक्छ । कुखुरा, खसी, बाख्र, गाई, भैसी तथा पशुपालनका लागि पनि उपयुक्त स्थान छ । यसैगरि पालिका क्षेत्रमा माहुरीपालन र माछापालनको सम्भावना देखिन्छ । पालिका क्षेत्रमा प्रसस्त वन जंगल र नदिजन्य पदार्थ भए पनि राष्ट्रिय निकुञ्जको ऐन कानुन बाधक बनेकोले बैज्ञानिक मापदण्ड पालन गर्दा पनि निर्यात हुन सक्ने अवस्थ छैन ।

पालिका क्षेत्र भित्रै उन्नत विउँ उत्पादन तथा प्रशोधन केन्द्र स्थपना गर्ने, कृषि उत्पादन भण्डारण स्थल निर्माण गर्ने, आयुर्वेदिक औषधी खेती तथा उत्पादन गर्ने, दैनिक उपभोगमा प्रयोग हुने किसिमका सामाग्रीहरूको घरेलु तथा साना उद्योगहरू सञ्चालन गर्न सकेमा आयत न्युनिकरण गरि निर्यात बढाउन सकिन्छ ।

पालिका आयत निर्यातको अवस्थबारे हालसम्म यस क्षेत्रसंग सम्बन्धीत कुनै पनि निकायले तथ्यांक राख्ने गरेको नपाइएकोले यसको निम्ती कृषि गणना संगं उपभोक्ता सर्वेक्षण गर्नु पर्ने देखिन्छ ।

४.१.१० औद्योगिक कच्चा पदार्थ उत्पादनको अवस्था (काठ, खोटो, जडिबुटी, लोक्ता, अल्लो, चुनढुङ्गा, मार्वल स्लेट आदि)

शिर्षकमा उल्लेखित औधोगिक कच्चा पदार्थ उत्पादनको अवस्थ ठोरी गाउँपालिका क्षेत्रमा नगन्य छ । यहाँ काठको फर्निचर केन्द्रहरू फाटफुट खुलेका छन् । जडिबुटी, खयरको कत्था, सल्लोको खोटो, खयार, बेत बाँसको उद्योग, ढुंगा-गिट्टी, बालुवाजन्य उद्योगहरू सञ्चालनको प्रसस्त सम्भावना छ ।

४.१.११ बेरोजगार सम्बन्धी विवरण

चलनचल्तीको ज्याला दरमा काम गर्न इच्छुक र काम गर्न सक्षम मानिसहरूले काम वा रोजगार प्राप्त गर्न नसिकिरहेको अवस्थालाई बेरोजगारी भनिन्छ । श्रम तथ्याङ्कको पछिल्लो परिभाषाअनुसार रोजगारीमा रहेको व्यक्ति हुन, १५ बष देखि ५९ बर्ष उमेर समुहका व्यक्ति सन्दर्भ अवधिमा अर्थात गणना अवधिको एक हप्तामा कम्तीमा १ घण्टा तलब/ज्याला पाउने काम गरेको वा नाफा/नोक्सान आफै बेहोर्ने गरी सञ्चालित कुनै व्यवसायमा संलग्न भएको हुनुपर्दछ । ठोरी गाउँपालिकामा घरपरिवार सर्वेक्षण २०७८ को क्रममा प्राप्त विवरण अनुसार बेरोजगार संख्या वडागतरुपमा तालिकामा दिइएको छ ।

तालिका नं.३५ ठोरी पालिकामा बेरोजगार विवरण लैङ्गीक र वडागतरुपमा

वडा नं.	बेरोजगार		वाडाको जम्मा	प्रतिशत	वडाको जनसंख्या
	पुरुष	महिला			
१	२९२	१९५	४८७	(१४ ५)	३७४९
२	३१२	२२६	५३८	(१३ ५)	४१४०
३	२८८	१७५	४६३	(१० ५)	४६२६
४	५४५	३२०	८६५	(१४ ५)	६१७७
५	३३४	१६५	४९९	(१३ ५)	३८३७
पालिकाको जम्मा	१७७१	१०८१	२८५२	(१३ ५)	**२२५२९**

स्रोत: घरपरिवार सर्वेक्षण २०७८

बेरोजगार संख्य उमेर समुहको जनसंख्या वा कुल जनसंख्याको आधारमा निकालिरुन्छ । यहाँ कुल जनसंख्याको आधारमा प्रस्तुत गरिएको छ । यसरी हेर्दा पलिकाको कुल जनसंख्या मध्ये बेरोजगार संख्या २८५२ अर्थात १३ प्रतिशत छ ।

यसमा महिलाको संख्या १०८१ छ भने पुरुषको संख्या १७७१ छ । यहाँ महिला भन्दा पुरुषको संख्या बढि देखिनुमा महिलाहरू प्रया उत्पानसंग सम्बन्धीत आफ्नै खेतवारी वा पशुपालन सम्बन्धी कृषि कर्ममा जोडिएकाले उनीहरूको बेरोजगार दर कम देखिएको हो ।

४.१.१२ बैदेशिक रोजगारीमा गएकाहरूको विवरण

नेपालबाट श्रम स्विकृति लिएर जानु पर्ने मुलुकहरूलाई बैदेशिक मुलुक भनिएको छ । ठोरी गाउँपालिकाबाट बैदेशीक रोजगारीमा जानेहरूको संख्या कुल जनसंख्याको ६ प्रशित अर्थात १३४२ छ । उक्त संख्या विभिन्न १२२६ घरधुरीका हुन् । पालिकामा भित्रिने रेमिटान्स बार्षिक सरदर ४९६४८८००० रुपैयाँ छ ।

